
विविधतामा एकता

## संयुक्त ट्रेड युनियन समन्वय केन्द्र

# चौथो श्रम संसद

११–१२ पुस २०७६, काठमाडौं

# प्रोसिडिङ्ग



(संयुक्त ट्रेड युनियन समन्वय केन्द्र)
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन : ४०११११६६/४०११११६७
Email: jtuccnepal@gmail.com

# विषयसूची


- विविधतामा एकता भन्ने नारासहित जेटीयुसीसीको चौथो श्रम संसद भव्यताका साथ सम्पन्न ........................ ४
- सामाजिक संवादको प्रतिफल प्राप्त गर्ने काममा सम्झौता गर्ने, कार्यान्वयन नगर्ने र त्यसको अपव्याख्या गर्ने काम भइरहेको छ – *विनोद श्रेष्ठ* ........................ ९
- श्रम ऐन लागु गर्ने कुरामा जसले त्यसमा तल माथि गर्न खोज्छ, त्यो मान्य हुन सक्दैन, त्यो दण्डनीय हुन्छ – *ईश्वर पोखरेल* ........................ १२
- पोहोर साल प्रधानमन्त्रीज्यूले सामाजिक सुरक्षा योजना सुरु हुँदा 'यो नयाँ युगको सुरुवात हो' भन्नु भएको हामीलाई बडो खुसी लागेको छ – *लक्ष्मण बस्नेत* ........................ १६
- कामको संसार एकदम नै परिर्वतन भएको छ, नयाँ परिवर्तनसँग कसरी अप टु डेट हुन सकिन्छ भन्ने नै चुनौती हो – *राजेन्द्र आचार्य* ........................ १८
- योगदानमा आधारित सामाजिक सुरक्षाबाट निजी क्षेत्र इस्केप गर्न खोजेको छैन – *चन्द्र ढकाल* ........................ १९
- नेपालको संविधानले नै श्रमिकहरूको हक हितको सुनिश्चितता गरेको छ – *विनोद केसी* ........................ २०
- भविष्यमा जेटियुसीसीले आफ्नो संस्थाको क्षमता अझ बढाउनु पर्छ – *प्रभु राजेन्द्रन* ........................ २२
- श्रमिकले पाइरहेको सामाजिक सुरक्षा कटौती नहुने गरी योगदानमा आधारित सामाजिक सुरक्षा योजना अगाडि बढाउन सक्नुपर्छ – *पुष्कर आचार्य* ........................ २२
- आगामी दिनमा सामाजिक सुरक्षा कोष कार्यान्वयनको निमित्त जेटियुसीसीले बाध्य बनाउने छ – *जगत सिंखडा* ........................ २४
- सामाजिक सुरक्षा योजना कार्यान्वयनमा गम्भीरता देखिएको छैन भन्ने हाम्रो ठहर छ – *विश्वनाथ प्याकुरेल* ........................ २५
- महिला समितिले श्रमिक महिलाका विषयहरूलाई श्रम आन्दोलनको मूलप्रवाहमा ल्याउन जेटीयुसीसीलाई मार्ग प्रशस्त गर्दै आएको छ – *सुधा दाहाल* ........................ २६
- मजदुर रहेन भने यो देश बन्दैन, मजदुर रहेन भने यो विश्व बन्दैन – *पल्टन ठाकुर* ........................ २८
- नेपाल सरकारकै विभागमा, मन्त्रालयमा श्रमिकले ३ हजार ३ सय ६५ रुपैयाँ पाइरहेको छ – *इन्द्रदेव मिश्र* ........................ २९
- साहु र हामी बीच नङ र मासुको सम्बन्ध हुन्छ – *लाल कुमार लामा* ........................ ३०
- हामीले भन्दै आएको श्रम आयोगको माग, हामीले छोडेका छैनौं – *नवराज दाहाल* ........................ ३०
- ऐन कानुनहरूमा श्रमिक मैत्री विषयहरू लेख्न सफल भए पनि कार्यान्वयन प्रक्रियामा समस्या रहेको छ – *चिरागमान कुँवर* ........................ ३१
- चौथो श्रम संसदद्वारा पारित २०२० को लागि भावी कार्यक्रम ........................ ३२
- चौथो श्रमसंसदद्वारा पारित विशेष प्रस्तावहरू ........................ ३४
- संयुक्त ट्रेड युनियन समन्वय केन्द्र- जेटियुसीसी (JTUCC) को चौथो श्रम संसदद्वारा पारित सांगठनिक प्रतिवेदन ........................ ३६
- चौथो श्रम संसद वैठकका प्रतिनिधिहरु ........................ ४९

## विविधतामा एकता भन्ने नारासहित

# जेटीयुसीसीको

नौ वटा ट्रेड युनियन महासंघहरुको साझा संयन्त्र संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसीसी) को आयोजनामा २०७६ पुष ११ र १२ गते चौथो श्रम संसद 'विविधतामा एकता' नारासहित काठमाडौंमा सम्पन्न भयो ।

पुस १२ गते राष्ट्रिय सभागृहमा चौथो श्रम संसदको उद्घाटन उपप्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेलले गर्नुभएको थियो । उपप्रधानमन्त्री ईश्वर पोखरेलले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन जरुरी रहेको बताउनुभयो । उहाँले अब रोजगारदाताहरुको तर्फबाट योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनका लागि आफूमा रहेको संकीर्णता, परम्परागत सोचाइलाई त्याग्न आवश्यक रहेको बताउनुभयो ।



# चौथो श्रम संसद

## भव्यताका साथ सम्पन्न

संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र (जेटीयूसीसी) को चौथो श्रम संसदमा प्रमुख अतिथिका रूपमा बोल्दै उहाँले भन्नुभयो "श्रम ऐनको प्रभावकारी कार्यान्वयनमा कुनै छुट छैन, त्यसको प्रभावकारी कार्यान्वयन नगर्नु दण्डनीय हुन्छ ।"

जेटीयूसीसीले अगाडि सारेका प्रस्तावहरुलाई आफ्नो समर्थन रहेको भन्दै उपप्रधानमन्त्री पोखरेलले तिनीहरुलाई कार्यान्वयन गराउन रचनात्मक जनदबाब आवश्यक रहेको बताउनुभयो । उपप्रधानमन्त्री पोखरेलले भन्नुभयो, "हिजो हामी कुनै बेला डेमोक्रासीका लागि लड्यौं, अहिले हामी डेमोक्रेसीभित्र लडिरहेका छौं, त्यही डेमोक्रेसी बलियो बनाउन हाम्रो प्रयास हुनुपर्छ ।"



श्रम संसदमा सार्टुकका महासचिव लक्ष्मण बस्नेत, युएनआई (एप्रो) का सचिव राजेन्द्र आचार्य, नेपाल उद्योग वाणिज्य महासंघ रोजगारदाता परिषदका अध्यक्ष चन्द्र ढकाल, एफएनभीका एसिया कन्सल्टान्ट प्रभु राजेन्द्रन, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव विनोद केसी लगायतका अतिथिहरुले शुभकामना मन्तव्य दिनुभएको थियो ।

त्यस्तै जेटियुसीसी संयन्त्रभित्रका ट्रेड युनियन महासंघका अध्यक्षहरु एनटियुसीका अध्यक्ष पुष्कर आचार्य, पेसागत महासंघ कोनेप, नेपालका अध्यक्ष विश्वनाथ प्याकुरेल, एनडिकोन्टका अध्यक्ष चिरागमान कुँवर, एनडिकोन्टआईका अध्यक्ष नवराज दाहाल, आइएनटियुसीका अध्यक्ष इन्द्रदेव मिश्र, एनडिकोन्टका अध्यक्ष लालकुमार लामा, ले आ-आफ्नो मन्तव्य सहित शुभकामना मन्तव्य दिनुभएको थियो । जेटियुसीसी महिला समितिका संयोजक सुधा दाहालले महिला समितिको प्रतिवेदन सहित मन्तव्य राख्नुभएको थियो ।



कार्यक्रममा जिफन्टका पूर्व अध्यक्षहरु प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल तथा खिलानाथ दहालको सहभागिता रहेको थियो । त्यस्तै सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिल ज्ञवाली तथा आइएलओ, नेपालका प्रतिनिधिको पनि सहभागिता रहेको थियो ।

कार्यक्रममा जेटियुसीसीका अध्यक्ष विनोद श्रेष्ठले सन् २०२० का लागि जेटियुसीसीका अध्यक्ष पदमा चुनिनुभएका एनटीयुसीका अध्यक्ष पुष्कर आचार्यलाई पद हस्तान्तरण गर्नुभयो । महासचिव पल्टन ठाकुरले राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ (एनडिकोन्ट) का अध्यक्ष लाल बहादुर लामालाई महासचिव पद हस्तान्तरण गर्नुभयो । महिला समितिका अध्यक्ष सुधा दाहालले विष्णु थापालाई महिला समितिको अध्यक्ष र सचिव निष्ठा श्रेष्ठले रेणु झालाई सचिव पद हस्तान्तरण गर्नुभयो ।



कार्यक्रम जेटियुसीसीका अध्यक्ष एवं जिफन्टका अध्यक्ष विनोद श्रेष्ठको अध्यक्षतामा भएको थियो । एएनटियुएफ (अन्टुफ)का का. वा. अध्यक्ष जगत सिंखडाले सञ्चालन र जेटियुसीसीका महासचिव पल्टन ठाकुरले स्वागत गर्नुभएको थियो ।

## बन्दसत्र

पहिलो दिन पुस ११ गते बत्तिसपुतली स्थित अनुपम फुडल्याण्डमा श्रम संसदको बन्दसत्र सम्पन्न भयो । बन्द सत्रको उद्घाटन जेटियुसीसीका अध्यक्ष तथा जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले गर्नुभएको थियो । बैठकमा जेटियुसीसी संयन्त्रमा सम्मिलित ९ वटा ट्रेड युनियन महासंघहरुका १ सय ३२ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

बन्दसत्रको बैठकले नेपाल ट्रेड यूनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्यलाई अध्यक्षमा चयन गऱ्यो । जेटीयुसीसीको विधानमा सदस्य महासङ्घमध्ये अधिक सदस्य सङ्ख्या (२ लाख ५० हजार) भएका महासंघहरूमध्येबाट दर्ताको आधारमा पालैपालो अध्यक्ष चुन्ने व्यवस्था छ ।

यसैगरी बाँकी सदस्य महासंघहरू मध्येबाट दर्ताको आधारमा महासचिव चुनिने विधि अनुरूप राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ (एनडिकोन्ट) का अध्यक्ष लाल बहादुर लामालाई महासचिव चयन गरिएको छ ।

यसैगरी सबै सदस्य महासंघहरुको महिला समितिका प्रमुख र सचिव सम्मिलित जेटियुसीसी महिला समितिका अध्यक्षमा विष्णु थापा मगर र सचिवमा रेणु झा चयन गरिएको छ ।

बन्दसत्रले जेटीयुसीसीका अध्यक्ष विनोद श्रेष्ठले प्रस्तुत गर्नुभएको कामको समीक्षा सहितको, मूल्याङ्कन प्रतिवेदनमाथि गहन छलफल गरी आगामी वर्ष २०२० को लागि तयार गरिएको भावी कार्यक्रम तय गर्नुका साथै विशेष प्रस्तावहरू र आन्तरिक लेखा समितिद्वारा तयार गरिएको लेखा प्रतिवेदन समेत सर्वसम्मतिले पारित गरेको थियो ।






# सामाजिक संवादको प्रतिफल प्राप्त गर्ने काममा सम्झौता गर्ने, कार्यान्वयन नगर्ने र त्यसको अपव्याख्या गर्ने काम भइरहेको छ

● विनोद श्रेष्ठ, अध्यक्ष,
संयुक्त ट्रेड युनियन समन्वय केन्द्र–जेटियुसीसी एवं अध्यक्ष जिफन्ट

अहिले हामी नेपालमा क्रियाशील सम्पुर्ण ट्रेड यूनियनहरूको छाता संगठन जेटीयूसिसिको चौथो श्रम संसदको समापनको अवसरमा जुटेका छौं ।

नेपालको ट्रेड युनियन आन्दोलनलाई व्यवस्थित गर्नका निमित्त, नेपालको मजदुर आन्दोलमा देखापरेका विसंगतिहरूलाई चिर्नका निमित्त, नेपालमा मजदुर आन्दोलनलाई आफ्नो ढङ्गबाट सहयोग गर्दै देशको समृद्धि खातिर नेपालको ट्रेड युनियन आन्दोलन अगाडि बढाउनको निमित्त र विविधतामा एकता अर्थात् हामीले कुनै विचार कुनै सिद्धान्तको आधारमा मात्रै मजदुर आन्दोलनलाई विभाजित गर्नु भन्दा मजदुर आन्दोलनलाई एकताका साथ अगाडि बढाउनु पर्छ भन्ने नारा बोकेर र आन्दोलनलाई सुविचारित ढङ्गबाट परिचालित गर्नुपर्छ भन्ने मान्यताका साथ आज भन्दा एघार वर्ष अगाडि देशका सम्पूर्ण ट्रेड युनियन महासंघहरूको प्रयासबाट हामीले एउटा संस्थाको जन्म दियौं । त्यो संस्थाको नाम जेटियुसीसी, अर्थात् सयुक्त ट्रेड युनियन समन्वय केन्द्र हो ।

त्यसबेला हामीले देखेको सपना थियो, जुन बेला हामी एक भएर अगाडि बढ्न सक्छौं, त्यसपछि मात्रै हाम्रा मागहरू पुरा हुन सक्छन्, त्यसपछि मात्रै मजदुर आन्दोलनले देखेको सपना पुरा हुन सक्छन्, मजदुरहरूले देखेको सपना पुरा भयो भने मात्रै यो देशको समृद्धि हुन्छ । त्यहि सपनाको खातिर नेपालको मजदुर आन्दोलनले धेरै उतार चढाव पनि बेहोरेको छ । त्यही सपनालाई पुरा गर्नका निमित्त नेपालको ट्रेड युनियन आन्दोलनले धेरै क्षति पनि व्यहोरेको छ । अहिले हामी गर्वका साथ भन्न सक्छौं, नेपालको ट्रेड आन्दोलनले धेरै उपलब्धिहरू प्राप्त गरेको छ । धेरै अवसरहरू प्राप्त गरेको छ । अब ती अवसरहरूको मात्रै सफल कार्यान्वयनको खाँचो छ ।

यिनै सवालहरू पूर्ण ऐक्यबद्धताका साथ अघि बढ्न, यिनै सवालहरूलाई अझै समृद्ध बनाउन, हामीले गरेका कामहरूलाई पुनः व्यवस्थापन गर्न हामीले के राम्रा गर्यौं, के के कमीहरू गर्यौं, हामीले गरेका कामहरूको मुल्याङ्कन गर्दै, नेपालको भविष्य उज्ज्वल बनाउनको निमित्त ट्रेड युनियन आन्दोलनलाई सही दिशामा अगाडि बढाउनको निमित्त हामीले हरेक वर्ष श्रम संसद गर्ने गर्छौं ।

हिजो हामीले श्रम संसदको पहिलो दिन बन्द सत्र गर्यौं र दिनभरि बसेर नेपालको ट्रेड युनियन आन्दोलनमा सहभागी भएका श्रमिक साथीहरूको प्रतिनिधिको बीचमा आफ्ना कामहरूको मूल्याङ्कन गर्‍यौं । अर्थात् २०१९ भरि हामीले के के गर्न सक्यौं, के के गर्न बाँकि रह्यो भन्ने कुरा मुल्याङकन गर्‍यौं र बाँकी कामहरूलाई आउने २०२० मा मजबुतका साथ अगाडि बढाउनका निमित्त विशेष कार्यकमहरू पनि तय गयौं । सरकारलाई घच्घचाउन, सरकारलाई सही दिशामा अगाडि बढाउनको निमित्त केही विशेष प्रस्तावहरू पनि पास गर्‍यौं । त्यही विशेष प्रस्ताव र आगामी कार्यकमहरू देशभरि छरिएर रहेका श्रमजीवीहरूको मातहतमा पुर्‍याउन सन् २०२० मा नेतृत्व गर्ने नयाँ नेतृत्वको घोषणा गर्‍यौं ।

आजको यो कार्यक्रममा हिजो हामीले घोषणा गरेको नयाँ नेतृत्वलाई पद हस्तान्तरण र हिजो तय गरेको कार्यकमको जानकारी दिने र सरकारको तर्फबाट र रोजगारदाताको तर्फबाट ती कार्यकमको सर्न्दभमा उहाँहरूको विचार लिने कार्यक्रम रहेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र र ट्रेड युनियन आन्दोलन एक अर्काका परिपूरक हुन् । यतिखेर हाम्रो मुलुकमा लामो राजनीतिक सङ्क्रमणकालको अन्त भई सामाजिक आर्थिक रूपान्तरणको दिशामा अगाडि बढिरहेको छ । संविधानले समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गरेको छ । आर्थिक विकासका पूर्वाधारहरूको निर्माण, विकास र बिस्तार भइरहेका छन् । कतिपय मेघा परियोजनाहरू सम्पन्न हुने चरणमा छन्, कतिपय प्रस्ताव तयारीको क्रममा रहेका छन् । देशको आर्थिक वृद्धिदर ७.१ प्रतिशतले वृद्धि भएको छ । देश विकासको गतिले अन्तर्राष्ट्रिय समुदायको पनि ध्यान तानेको छ ।

हामी संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य प्राप्त गर्नेतर्फ अगाडि बढिरहेका छौं । नेपालको काम नेपालीलाई भन्ने नाराका साथ कामको खोजीमा विदेश जाने लाइनमा बसेको श्रमिकहरूलाई स्वदेशमा नै काममा जुटाउन जरुरी छ । ठुलो सङ्ख्यामा रहेका असंगठित क्षेत्रका श्रमिकहरूलाई कानुनले समेटेको भए तापनि व्यवहारमा उतार्न जरुरी छ । हामीलाई विश्वास छ यसमा श्रमिक वर्गको भूमिका महत्वपूर्ण छ र श्रमिक वर्गको एकताको अझ बढी आवश्यकता रहेको छ ।

श्रमिकको जीवनको रूपान्तरण बिना देश विकास हुन सक्दैन । यसका लागि मर्यादित रोजगारीको मर्म र भावना बमोजिम रोजगारीको सुनिश्चितता, ज्याला तथा सुविधा, सम्मान र सुरक्षाको प्रत्याभूति गराउन आवश्यक छ । श्रमिकले गर्ने कामले श्रमिकलाई पूर्ण सुरक्षा महसुस गराउने, कार्यथलो स्वस्थ बनाउने, श्रमिकले ढुक्कसँग आफ्नो कुरा राख्न र संगठन गर्न पाउने वातावरणको सुनिश्चितता अहिले पनि खड्केको विषय हो ।

नेपाली श्रमिकले अहिले पनि सामाजिक संवादको प्रतिफल प्राप्त गर्ने काममा व्यावधान खडा भएको छ । सम्झौता गर्ने, कार्यान्वयन नगर्ने र सम्झौता गर्ने त्यसको अपव्याख्या गर्ने काम भइरहेको छ । श्रम ऐनको दफा १४५ को दुरुपयोग गर्ने प्रयत्न गरिएको छ । श्रम प्रशासन र नियमन अहिले पनि फितलो छ । विगत लामो समयदेखि सरकारी तवरबाट मनाउँदै आएको प्रवासी श्रमिक दिवस, यस वर्षमा कुनै गतिविधि भएन, यसले हामीलाई शङ्का पैदा भएको छ ।

यतिखेर संयुक्त ट्रेड युनियन समन्वय केन्द्र स्थापना गर्दा तय गरिएका शान्ति, लोकतन्त्र र समाजवादको मूल सिद्धान्तलाई अवलम्बन गर्ने, विभिन्न प्रकृति एवं विचारका श्रमिकहरूलाई संगठित गर्ने, उनीहरूलाई सम्मानित र समृद्ध बनाउँदै सामाजिक रूपान्तरणको दिशामा क्रियाशील रहने, बहुलवादमा विश्वास गर्ने, श्रमजीवी पक्षीय राजनीतिप्रति प्रतिबद्ध छौं ।

लोकतान्त्रिक आचरण र स्वतन्त्रता, मौलिक मानव अधिकार तथा ट्रेड युनियन अधिकारप्रति प्रतिबद्ध रही शान्तिपूर्ण जुझारु संघर्षको नीति अपनाउने, सामाजिक सम्वाद मार्फत् अनुचित श्रम अभ्यासलाई अन्त्य र स्वच्छ श्रमसम्बन्ध स्थापनामा क्रियाशील रहने र साझा विषयमा सबैसँग सहकार्य गर्ने जस्ता मूल्य मान्यताहरूमा पनि अझ बढी प्रतिबद्धताको आवश्यकता रहेको छ । तसर्थ, आगामी दिनमा  संयुक्त ट्रेड यूनियन समन्वय केन्द्रका लागि निम्न कार्यभार थपिएको हामीले महसुस गरेका छौं ।

श्रम ऐन २०७४ को पूर्ण कार्यान्वयन, सबैको लागि सामाजिक सुरक्षा योजनाको कार्यान्वयन, श्रम निरीक्षण प्रणालीको कार्यान्वयन र यसले औंल्याएको समस्याको नीराकरणका साथै सवै क्षेत्रमा श्रमिकको १० प्रतिशत प्रतिनिधीत्वका सुनिश्चितताका साथै जहाँ श्रमिक त्यहीँबाट मतदानको अधिकार सुनिश्चित गर्दै श्रमिकको जीवन समृद्ध बनाउन मर्यादित कामको अवस्था सृजना गर्न क्रियाशील हुनुपर्नेछ ।

अन्त्यमा, आजको यो कार्यक्रम भव्यताका साथ सफल बनाउन आ-आफ्नो तर्फबाट योगदान गर्नका निमित्त उपस्थित हुनु हुने सम्पूर्ण साथीहरूलाई हादिक अभिवादन व्यक्त गर्दै हार्दिक स्वागत गर्दछु ।



# श्रम ऐन लागु गर्ने कुरामा जसले त्यसमा तल माथि गर्न खोज्छ, त्यो मान्य हुन सक्दैन, त्यो दण्डनीय हुन्छ

● ईश्वर पोखरेल,
उपप्रधानमन्त्री तथा राक्षा मन्त्री

संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको चौथो श्रम संसदको बैठक चल्दैछ। सबैभन्दा पहिले म विविधतामा एकताको नाराका साथ आरम्भ गरिएको यो संयुक्त ट्रेड युनियन समन्वय केन्द्र र त्यसले आयोजना गरेको यो चौथो श्रम संसदको सफलताको म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

तपाईंहरूले एउटा नयाँ कामको थालनी गर्नुभो। यो थालनी अहिले यो ठाउँसम्म आइपुगेको छ। राम्रो कामको थालनी गर्नु त्यसै पनि राम्रो हुँदै हो। तर, त्यो भन्दा पनि ज्यादा त्यसलाई निरन्तरता दिने काममा हामी कति योग्यता प्रदर्शन गर्न सक्छौं, चुनौती पनि छ। म विश्वास व्यक्त गर्छु, तपाईंहरूले यो चुनौतीपूर्ण काम सम्पन्न गर्नुहुन्छ। यो ठाउँसम्म आइपुग्नुभएको छ, तपाईंहरूको यात्रालाई फर्केर हेर्दा तपाईंहरू अझै थप प्रभावकारी ढंगले अगाडि बढ्न सक्नुहुन्छ भन्ने कुरामा म विश्वास गर्दछु।

अघि जेटियुसीसीका वर्तमान अध्यक्षले केही प्रस्तावहरू जानकारी गराउनुभो, म सुरुमै भन्न चाहन्छु, नेपाल सरकारको तर्फबाट यो संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको तर्फबाट प्रस्तुत प्रस्तावहरू खासगरी योगदानमा आधारित सामाजिक सुरक्षा कोषसम्बन्धी प्रस्ताव, ट्रेड युनियन अधिकार सम्बन्धी प्रस्ताव, श्रम ऐन नियमन सम्बन्धी प्रस्ताव र संयुक्त ट्रेड युनियन समन्वय केन्द्रसँग गाँसिएको केही प्रस्ताव लगायत केही महत्वपूर्ण प्रस्तावहरू जानकारी गराउनुभएको छ, प्रस्तुत गर्नुभएको छ, म नेपाल सरकारको तर्फबाट सबैभन्दा पहिले ती प्रस्तावहरूमा रहेका सकारात्मक कुराहरूप्रति नेपाल सरकारको पूर्ण समर्थन छ, म यसको पक्षमा दृढतापूर्वक उभिन्छु ।

यो सँगसँगै मैले एउटा कुरा तपाईंहरूलाई भन्नुपर्दछ, प्रस्तावहरू पारित गरेर कार्यान्वयन हुँदैन, हाम्रा अनुभवहरूलाई साक्षी राखेर भन्ने हो भने पारित गरिएका प्रस्तावहरूलाई प्रभावकारी ढंगले कार्यान्वयन गराउनको लागि रचनात्मक जनदबाबको पनि जरुरत पर्दछ । प्रक्रियासंगत ढंगले अगाडि बढ्नुपर्ने पनि जरुरत पर्छ । म यतिबेला के भन्न सक्छु भने हामीहरू राम्रा कुराहरू निर्णय गर्छौं, राम्रा कुराहरू पारित गर्छौं । ती राम्रा कुराहरू लागु होउन् भनेर कामना पनि गर्छौं, तर त्यसलाई कार्यान्वयन गर्ने कुरामा जुन ढंगको रचनात्मक जनदबाब त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । तपाईंहरूको हकमा यस्तो कमजोरी प्रकट नहोस् । मैले शुभकामना प्रकट गर्दा तपाईंहरूसित यो अपेक्षा गरेको हुँ ।

यदि यस्तो कुरा हुँदैन भने म सरकारको प्रतिनिधि हुँदा हुँदै पनि भन्न चाहन्छु, तपाईंहरूका यी राम्रा प्रस्तावहरू प्रभावकारी ढंगमा कार्यान्वयन गर्ने सम्बन्धमा फेरि पनि समस्या प्रकट हुन सक्छ । त्यो समस्या प्रकट नहोस् भन्नका लागि पनि अघि मैले प्रयोग गरेको शब्द रचनात्मक जनदबाब र त्यसको कार्यान्वयन सफल पार्नको निमित्त तपाईंहरूको सक्रिय भूमिका हुनुपर्छ । म यो आग्रह गर्न चाहन्छु ।

मलाई एउटा औधि मन परेको कुरा के हो भने हिजो कुनै बेला हामी डेमोक्रेसीको लागि लड्यौं, डेमोक्रेसी प्राप्त गर्नको लागि साँच्चीकै हामीले आफूलाई प्रभावकारीढंगले परिचालित गर्‍यौं । अब हामीले बुझ्नुपर्छ अहिले हामीले डेमोक्रेसीको लागि हैन, डेमोक्रेसीभित्र लड्दै छौं । यो हाम्रो रचनात्मक जनदबाब डेमोक्रेसीभित्र हो । यो डेमोक्रेसीलाई सुदृढ गर्नको लागि हो । डेमोक्रेसीको लागि लडेको लडाईको ढाँचाकाँचाले हामी बेला बेलामा प्रकट हुन खोज्छौं । त्यो उचित हुँदैन । मैले तपाईहरूलाई नियमन गर्न खोजेको होइन, म चाहन्न पनि मैले त्यसो गर्नु हुँदैन पनि । तर हामी सबैले बुझ्नुपर्छ, आजको राजनीतिक स्थिति 'नट फर डेमोक्रेसी विडिन द डेमोक्रेसी' हो । त्यसकारणले डेमोक्रेसी सबल बनाउनको लागि हाम्रो परिचालन जरुरी छ । यसको अन्तर्यलाई बुझ्नुपर्छ भनेर म राख्न चाहन्छु ।

सुरुमा ठाकुर पल्टनजीले बोल्नुभो, त्यसपछि नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्र ढकालजीले पनि बोल्नुभो, ती दुबै साथीहरू मैले प्रतिनिधिमूलक भनेको उहाँहरूले बोल्नुभएको कुरा मिलाउँदाखेरि मैले के देखें भने अझै पनि हामीले दुइटा विषयमा केही रचनात्मक दबाब दिन जरुरी छ । योगदानमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयनमा उद्योग वाणिज्य महासंघको उपाध्यक्ष चन्द्र ढकालजीले भन्नुभो, उहाँ त सुरुदेखि नै पोजिटिभ हुनुहुन्छ, हामी बुझ्छौं । तर उहाँ पोजिटिभ भएर मात्रै हुँदैन, रोजगारदाताहरूको क्षेत्रबाट यो योगदानमा आधारित सामाजिक सुरक्षाको मामिलामा अलिकति समस्या छन् कि भन्ने हामी बुझ्छौं ।

म के आशा गर्छु भने अब रोजगारदाताहरूको तर्फबाट सामाजिक सुरक्षा प्रभावकारी ढंगमा कार्यान्वयन गर्ने सम्बन्धमा आफूमा भएका केही कन्जर्भेटिजम, केही परम्परागत सोच, केही अलिकति संकीर्णता अथवा जेसुकै होस् म त्यसलाई नामाकरण गर्न चाहन्न, त्यसमा अलिकति जोड दिनुपर्नेमा जरुरी छ । जहाँसम्म श्रम ऐनको प्रभावकारी कार्यान्वयनको विषय छ, त्यसमा पनि केही समस्याहरू छन् । श्रम ऐनको प्रभावकारी कार्यान्वयन गर्नैपर्छ, म सरकारको तर्फबाट भन्न चाहन्छु, यसमा इफ, बट कुनै छुट हुन सक्दैन । कसैले पनि यसमा यदि भन्न थाल्यो भने त्यो कार्यान्वयन हुन सक्दैन । म एउटै मात्र उदाहरण दिन चाहन्छु, केही दिन अघि मात्रै सम्माननीय प्रधानमन्त्रीज्यूले एउटा फोरममा भन्नुभएको थियो, यो नियम कानुन कार्यान्वयन गराउने संस्थाहरूका नेतृत्वहरूको सामन्नेमा उभिएर तपाईंहरू को कुन पदमा हो भनेर नहेर्नोस्, कुन कति पावरमा छ भनेर नहेर्नोस्, तपाईंहरू नियमसंगत छ कि छैन, कानुनले अनुमति दिएको हो कि होइन, यदि त्यो उल्लंघन भएको छ भने जतिसुकै ताकतवाला भए पनि त्यसबाट पछि नहट्नुस् भनेर भन्नुभएको थियो । यसले के सन्देश दिन्छ भने यो श्रम ऐन लागु गर्ने कुरामा जुन कोणबाट जहाँबाट जसले त्यसमा तल माथि गर्न खोज्छ, त्यो मान्य हुन सक्दैन । अझ म कडा शब्दमा भन्नु चाहन्छु, त्यो दण्डनीय हुन्छ ।

अघि लक्ष्मण बस्नेतजीले एउटा कुरा बोल्नुभएको छ, यो समृद्ध नेपाल, सुखी नेपाली भन्ने जुन कुरा छ, यो कुनै अमुक पार्टीको नेताले अथवा अमुक पार्टीले अथवा सरकारमा पुगेकाहरूले या चुनाबका बेला दिएको नारा जस्तो लाग्न सक्छ । म साथीहरूलाई भन्न चाहन्छु, त्यो किमार्थ होइन । यो राष्ट्रिय आकाङ्क्षा हो । देश धनी नभइकन जनता सुखी हुन सक्दैन । देश धनी हुने कुरा आजको अपरिहार्य आवश्यकता हो । देश धनी भएपछि जनता सुखी हुन्छन् । हो, यो चिजलाई हामीले इन्टरलिंक गर्नुपर्छ । यो नारा नाराको लागि मात्र उठाइएको होइन, योसित गासिएका निश्चित क्षेत्रहरू छन्, हामीले पाँच वटा क्षेत्रलाई अगाडि राखेका छौँ, त्यो भनेको हामी आज समृद्ध, नेपाल सुखी नेपाली नारा सफल पार्न पाँच वटा क्षेत्रमा फोकस हुन चाहन्छौँ, पहिलो कृषि, त्यो हाम्रो मूल मेरुदण्ड हो । तर कृषिको अवस्था दिनदिनै खस्कदो अवस्था छ । यसलाई हामीले सुधार्नै पर्छ, हामी कृषिमा आत्मनिर्भर हुनका लागि अब हामी कसरी जाने हो ? त्यसको लागि भू उपयोगको नीति, कृषि व्यावसायीकरण र आधुनिकीकरणको जरुरी छ । त्यस अनुरूप अब हाम्रा नीति, कानुन र संरचनाहरूमा र हाम्रो कार्यक्रममा हामी परिलक्षित गर्न चाहन्छौँ । यसमा केन्द्रित भएर 'समृद्ध नेपाल, सुखी नेपाली' पूरा गर्न चाहन्छौँ ।

दोस्रो, निड बेस्ट इण्डस्ट्रीको कुरा छ, हामीले हाम्रो आवश्यकतामा आधारित उद्योगहरू स्थापना गर्नुपर्छ । हिजो स्थापना भएका उद्योगहरू हामी सबैलाई थाहा छ, ती कहाँ गए, कसले बेचे, किन बेचे, कसलाई बेचे, के लिएर बेचे थुप्रै प्रश्नहरू छन् । अहिले त्यो प्रश्नको समीक्षा गर्ने बेला पनि हैन, तर हामीले हाम्रो आवश्यकतामा आधारित उद्योगहरू स्थापना गर्नुपर्छ । यो उद्योग स्थापना गर्ने सम्बन्धमा निजी क्षेत्र र वैदेशिक लगानीमा समेत वातावरण बनाइदिनुपर्छ भन्ने हाम्रो भनाइ हो । त्यसले रोजगारी सिर्जना गराइ दिने कुरादेखि लिएर राष्ट्रिय आयलाई वृद्धि गर्ने कुरामा पनि जोड दिन्छ ।

तेस्रो, ऊर्जाको कुरा छ । यसको कुरा गर्दा हिजो एउटा भनाइ पनि देखा पऱ्यो, ऊर्जाको विकासको सिलसिलामा देखापरेको विकृति के हो भने झोलामा खोला हालेर हिंड्नेहरू थिए, त्यो प्रवृत्तिलाई हतोत्साहित गरेर अब ऊर्जा विकासमा हामीले अधिकतम प्रोत्साहित गर्नुपर्छ ।

चौथो, पर्यटनको कुरा । यो भनेको यस्तो स्थिति हो, केही नभएका मुलुकहरूले करोडौं करोड पर्यटकहरू बोलाउँछन्, हामीलाई अब भिजिट नेपाल २०२० मा २० लाख पर्यटक ल्याउनलाई बडो हम्य हम्य छ । जबकि हाम्रो त्यो स्थिति होइन, हाम्रो प्राकृतिक सम्पदा, हाम्रो सांस्कृतिक सम्पदाहरू यति मूल्यबान छन् कि त्यसलाई हामीले केही व्यवस्थित गर्नु जरुरी छ ।

पाँचौं क्षेत्र पूर्वाधारको विकास । पूर्वाधारमा एउटा स्वास्थ्य र अर्को सडक यातायातका कुरा छन् । यो पाँच वटा क्षेत्रमा हामी केन्द्रित भएर हाम्रो समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाको कुरा गर्न चाहन्छौं । सरकार राष्ट्रिय आकाङ्क्षा पूरा गर्न यी पाँच कुरामा फोकस गर्न चाहन्छ । मैले यो कुरा किन उल्लेख गरेको भने तपाईंहरू श्रम संगठनसँग सम्बन्धित व्यक्तिहरू नेताहरू हुनुहुन्छ, यो पाँच वटा क्षेत्रमा राज्यले फोकस गरेको छ, समृद्ध नेपाल र सुखी नेपाली बनाउनको लागि । यो क्षेत्रमा काम गरिरहदा यो हाम्रो राष्ट्रिय आकाङ्क्षासँग गासिएका छन् भनेर बुझ्नु जरुरी छ । त्यसकारण यी क्षेत्रमा काम गर्ने श्रमिकहरूले वास्तवमा रचनात्मक जनदबाब दिदा पनि फर डेमोक्रेसी होइन, विडिन द डेमोक्रेसीमा हामी मुभ हुनुपर्छ भन्ने कुरा सोच्नुपर्छ भन्ने म आग्रह गर्न चाहन्छु ।

एउटा कुरा अहिले सरकारको बारेमा कसैले भन्दैछन्, सरकार अधिनायकवादतर्फ गइरहेका छन्, मैले कुनै प्रतिवाद गर्न खोजेको होइन, हामी कम्युनिस्टहरू जनताको आवधिक निर्वाचनमा विश्वास गर्ने जनताको मतमा विश्वास गर्ने शक्ति हौं । हामीले व्यक्त गरेका कुरा कार्यान्वयन गर्न सकेनौं भने हामीलाई थाहा छ, जनताले हामीलाई तिरस्कार गर्छन् हामी बुझ्छौं । त्यसकारणले हामी अधिनायकवादको बाटोमा हैन, हामी हाम्रा व्यक्त प्रतिबद्धतालाई कार्यान्वयन गर्नुपर्छ भन्ने पक्षमा छौं । हामी त्यो दिशामा अघि बढ्छौं । त्यसकारण म यहाँ तपाईंहरूलाई के निवेदन गर्न चाहन्छु भने यतिबेला यो हाम्रो राष्ट्रिय आकांक्षा पूरा गर्ने बेला जो जो जहाँ जहाँ छौं, जुनसुकै ठाउँमा भए पनि हामी त्यो राष्ट्रिय आकांक्षा पूरा गर्न सारथि बनेर लाग्नुपर्ने जरुरत छ । तपाईंहरूको यो संयुक्त ट्रेड युनियन केन्द्र जुन छ, त्यस अन्तर्गतको यो श्रम संसद यसले पनि यस दिशामा थप योगदान पुगोस् ।





# पोहोर साल प्रधानमन्त्रीज्यूले सामाजिक सुरक्षा योजना सुरु हुँदा 'यो नयाँ युगको सुरुवात हो' भन्नु भएको हामीलाई बडो खुसी लागेको छ

● **लक्ष्मण बस्नेत**
**महासचिव, सार्टुक**

देशमा अहिले समृद्धिको लहर चलेको छ। समृद्धि मजदुरको सहभागिता बिना हुन सक्दैन। त्यसैले सबै भन्दा पहिला मजदुरको सहभागिता गराउन आवश्यक छ। यो कसको लागि समृद्धि हो, जो सबभन्दा तल बसेको छ, त्यसको लागि समृद्धि हो। माथिका मान्छेलाई त समृद्धि छदैछ। त्यसकारण मलाई बडो खुसीको साथ भन्न मन लागेको छ कि प्रधानमन्त्रीजीले पोहर साल सामाजिक सुरक्षा योजना सुरु गर्नुभयो। त्यसको दुई वटा फाइदा छ, एउटा मजदुरहरूको समृद्धिमा थप गर्छ र आर्को देशको मजदुरहरूको संख्या गिन्ती गर्दछ, यति मजदुर छ भनेर। त्यो सामाजिक सुरक्षा योजना हामीले बाहिर बसेका जो पचासौं लाख मजदुरहरू जो हिन्दुस्थान, खाडी मुलुक र मलेसियामा छन्, उनीहरूको लागि पनि गऱ्यो भने देखि देशले बाहिरबाट कहींबाट पनि पैसा माग्ने जरुरत हुँदैन। मजदुरकै पैसाबाट देश चल्छ। एउटा कुरा त्यो भन्न थालेको छु।

दोस्रो कुरा, पोहोर साल प्रधानमन्त्रीज्यूले 'यो नयाँ युगको सुरुवात हो' भन्नु भएको हामीलाई बडो खुसी लागेको छ। गर्व लागेको छ। सामाजिक सुरक्षाबाट नयाँ युगको सुरुवात कहाँबाट सुरु गर्नुहुन्छ ? तपाई सबै साथीहरू यहाँ हुनुहुन्छ, नयाँ घर बनाउँदा कहाँबाट बनाउनुहुन्छ ? टुप्पोबाट बनाउनु हुन्न साथीहरू, जगबाट सुरुवात गर्नुहुन्छ। यो देशको जग मजदुर हो, श्रमिक हो, त्यहाँबाट सुरु गर्नुपर्छ।

तेस्रो कुरा, विनोदजीले बडो राम्रो कुरा भन्नु भएको छ, यो पत्र म हिजोदेखि पढिराखेको छु। हामीले उठाएका मजदुरका कुराहरू सम्पूर्ण यसैमा छ। यो हामीले माग गरेको हो, यसलाई पुरा कसरी गर्ने ? विष्णुजी यहीं बस्नुभएको छ। यो श्रम संसदको परिकल्पना गर्दा खेरी यो श्रम संसदले पूर्वमा ताप्लेजुङदेखि लिएर पश्चिममा रोल्पादेखि दार्चुलासम्मका साथीहरूले आफ्नो दुःख, दर्दको कुरा यो संसदमा उसको प्रतिनिधिको हिसाबले लिएर आउँछ। त्यो परिकल्पना गर्दा खेरी यो संसदले त्यसलाई कहाँ लग्छ त भनेर भन्दा खेरी मलाई बडो खुसी लागेको छ, यस पेपरमा एउटा इकोनोमिक एण्ड सोसिएल कमिटी बनोस् र यो संसद र त्यो संसदको जोड होस्। हामीले आफ्नो कुरा यहाँको प्रतिनिधिले नेपालको संसदमा गएर सामाजिक वार्ता (सोसिएल डाईलग) गरेर पुरा गर्ने प्रक्रिया चालु होस् भन्ने मेरो सुझाव हो। हामीले सरकारसँग

माग्ने हैन, यो जति पनि कुरा हामीले भनिएको छ, त्यसलाई त्यो संसदको कमिटीमा गएर र ल अब यसलाई संस्थागत प्रक्रियामा सुरुवात गर्नुहोस् भन्नेतर्फ लाग्नु पर्दछ भन्ने मलाई लाग्दछ ।

त्यसकारण, प्रधानमन्त्री, उपप्रधानमन्त्रीज्यूहरूलाई मेरो अनुरोध के हो भने संसदमा यस्तो व्यवस्था गरियोस् कि यो संसदको प्रतिनिधिले गएर देश र विदेशमा रहेका मजदुरहरूको दुःख दर्दका कुराहरू त्यो संसदमा लिएर गएर सम्झौता गरेर लागु गर्ने प्रक्रिया सुरु होस्, भन्ने म चाहन्छु ।

अन्तिममा, म दुई वटा कुरा म भन्न चाहन्छु । पहिलो सामाजिक सुरक्षा कोष र श्रम ऐन दुई वटा कुरा सँगसँगै संसदबाट पारित भएको थियो । श्रम ऐनमा झमेला केही पनि भएन, सरासर लग्यो । सामाजिक सुरक्षामा चाहिँ किन झमेला भयो ? म यो प्रश्न गर्न चाहन्छु । उद्योगपति पशुपति मुरारका र विष्णुजी र हामीहरू मन्त्रालयमा जाँदाखेरी के भनिएको थियो भने सामाजिक सुरक्षा ऐनलाई पहिले पास गरौं हामीले भन्यौं होइन, दुई वटा ऐन सँगसँगै पास गर्नुपर्छ र सँगै लागु गर्नुपर्छ । श्रम ऐन पास भएर लागु भएर मान्छेहरू निकालिन थालिसके, तर सामाजिक सुरक्षा चाहिँ किन लागु भएन ? तपाई एक छिनको लागि सोच्नुहोस्, मजदुरको ११ प्रतिशत र उद्योगपतिको २० प्रतिशत २ करोड मानिसको जम्मा हुन थाल्यो भने देशमा कति पैसा हुन्छ ? १ मिनेटमा करोडौं रुपैयाँ जम्मा हुन्छ । ३३३५११९०४ रुपियाँ अहिलेसम्म एक वर्षमा जम्मा भएको छ । त्यो त एक दिनमा हैन एक घण्टामा जम्मा हुन्छ । अरु छाड्दिनु होस् १३४५० रुपैयाँको आधारबाट ३० प्रतिशत जम्मा भयो भने पनि कति जम्मा हुन्छ ? यो कुरा हामीले गर्नु पर्दछ ।

अर्को प्रतिनिधित्वको कुरा, जब यो देश बनाउने मजदुर हो भनेदेखि यसको प्रतिनिधित्व खैत ? हामीले १० प्रतिशत मागेका छौं । हामीले ज्वाइन्टली कुरा गर्दाखेरी आदरणीय प्रचण्डज्यू त्यस बेलामा उहाँ प्रधानमन्त्री हुनुहुन्थ्यो । अनि शुसिल कोईराला र त्यसबेलाको पार्टी अध्यक्ष झलनाथ खनालज्यु यही मञ्चमा आएर भन्नु भएको थियो । प्रचण्डज्यूले भन्नुभएको थियो १० प्रतिशत नमाग्नुस् भनेर, हामी तपाईहरूलाई प्रतिनिधि दिन्छौं । अब अहिले निवार्चन आयोगमा गएर अहिलेको हाम्रो प्रमुख आयुक्त भेट्दाखेरी कानुन बन्दैछ । त्यो संविधानको ४२ धारामा लेखेको छ । किसान र मजदुरको प्रतिनिधित्व हुने भनेर लेखिएको छ । तर कति हुने भन्ने चाहिँ अबको नियम बमोजिम हुन्छ । प्रमुख आयुक्त दिनेशचन्द्र थपलियाज्यूले भन्नुभएको थियो कि हामीले कानुन बनाएर पठाउँछौं मलाई देखेर तपाई त कांग्रेसको मान्छे हो, रमेश लेखकजी आउनुहुन्छ उहाँलाई भन्नुहोस् । तपाई आफनो आफनो पार्टीको सहयोगी साथीहरूलाई भन्नुहोस् कि त्यसमा मजदुरको प्रतिनिधित्व लेख्नु भएन भने हामीले तपाईलाई भोट दिनेवाला छैनौं । म पनि आफ्नो पार्टीमा गएर भन्छु तपाईहरूले पनि आफनो आफनो पार्टिमा गएर भन्नुहोस् । हामी यहाँ ९ वटा ट्रेड युनियनहरू छौं । हामी कुनै न कुनै पार्टिबाट आएका छौं । किनभने हामी सबै कुनै न कुनै पार्टीसँग आबद्धता छ । अब आउने आदरणीय अध्यक्ष श्री पुस्कर आचार्यज्यूलाई म के भन्न चाहन्छु भने देखि उहाँले एउटै कुरा गर्नु पर्‍यो कि संविधानमा एउटा कमिटी बन्नु पर्‍यो, त्यहाँ त्यो संविधानमा कुनै पनि परिवर्तन गर्नु पर्दैन इकोनोमिक एण्ड सोसिएल कमिटि बनाउने त्यसबाट संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको प्रतिनिधिहरू गएर यो बुँदाहरूमा वार्ता गर्ने । हुन सक्दछ कहीँ उद्योगपतिहरूलाई पनि लिएर आउनु पर्नेछ भने देखि त्यसको लागि नि लिएर गएर कुरा गरेर समाधान गर्नुपर्छ । यति भन्दै तपाईहरूले मलाई यहाँ बोलाउनुभयो र बोल्ने मौका दिनु भयो यसको लागि म धन्यबाद दिन चाहन्छु ।



# कामको संसार एकदम नै परिवर्तन भएको छ, नयाँ परिवर्तनसँग कसरी अप टु डेट हुन सकिन्छ भन्ने नै चुनौती हो

● राजेन्द्र आचार्य
सचिव, युएनआई-एप्रो

पहिले म युनि ग्लोबल युनियनको तर्फबाट एसिया प्यासिफिक रिजनल अर्गनाइजेसन-एपीपीआरओ -एप्रो) को तर्फबाट जेटीयूसिसिको यो चौथो श्रम संसदको भव्य सफलताको शुभकामना दिन चाहन्छु। आज म यो शुभकामना दिने क्रममा भर्खरै एसिया प्यासिफिकको युनि ग्लोबल युनियनको काठमाडौँमा भर्खरै सम्पन्न क्षेत्रीय सम्मेलनमा तपाईहरूको ठुलो सहयोग रह्यो त्यसको लागि पनि म यहाँहरूलाई धन्यवाद दिन चाहान्छु, सँगसँगै उपप्रधानमन्त्रिज्यू मार्फत् शारीरिक अस्वस्थताको बाबजुद पनि सम्मेलनमा सम्बोधन गरिदिनुभएकोमा प्रधानमन्त्रीज्यूलाई पनि धन्यवादको सन्देश सुनाइदिनुहुन आग्रह गर्दछौं।

जेटीयूसीसीको कार्यक्रमहरू सुन्दा मलाई लाग्यो हामी धेरै नजिक भएर काम गर्ने अवस्थामा छौं। अहिले धेरै मुद्दाहरू छन्, श्रमको संसार एकदम नै परिवर्तन भाको छ, धेरै नयाँ कुराहरू पनि आइरहेका छन्, पुराना कुराहरू पनि थाती रहेको अवस्था छ। भर्खरै एफएनभीका प्रभु राजेन्द्रनले भन्नुभयो, जेटीयूसीसीले १० वर्षको छोटो समयमा धेरै उपलब्धिहरू हासिल गरेको छ। आज यति धेरै अगुवा श्रमिकहरू जम्मा हुनुभएको छ, यो नै एक प्रकारको शक्ति हो। हिजो हामीले जेटीयूसीसीको संरचना बनाउँदाखेरी हामीले परिकल्पना गरेको श्रम संसदको व्यवस्था, त्यस्तै गरी श्रम संम्मेलनको व्यवस्थाले धेरै राम्रा काम भएको हामीले पाएका छौं।

अन्तर्राष्ट्रिय ट्रेड युनियनको तर्फबाट भन्नुपर्दाखेरी नेपालको नेपालको ट्रेड युनियन आन्दोलन एकदम वयस्कतातर्फ अगाडि बढेको छ। उमेरको हिसाबले भन्ने हो भने १९९० पछि अलि औपचारिक तथा वैधानिक हिसावले सुरु गर्न पायौं हामीले। यो बीचमा धेरै राम्रा कामहरू भएको छन्। सामाजिक सुरक्षा कोषको स्थापना भयो र यसलाई कसरी सफल बनाउने भन्ने विषयमा जुन सबै पक्ष मिलेर हामी काम गर्न खोज्दैछौं, यो पनि एउटा ठूलो शिल ढुङ्गा साबित हुन्छ भन्ने हामीलाई लाग्छ।

कामको संसार एकदम नै परिवर्तन भाको छ, त्यसकारण यो नयाँ परिवर्तनसँग कसरी अप टु डेट हुन सकिन्छ भन्ने नै चुनौती हो। हामी त्यही हिसावले अगाडि बढ्नुपर्ने हुन्छ र जेटीयूसीसीले यसलाई एउटा बुदाँको रूपमा अगाडि ल्याएको पनि पायौं, त्यसको लागि धेरै धेरै धन्यवाद।

# योगदानमा आधारित सामाजिक सुरक्षाबाट निजी क्षेत्र इस्केप गर्न खोजेको छैन

● चन्द्र ढकाल
उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



सर्वप्रथम उद्योग वाणिज्य महासंघको तर्फबाट र रोजगारदाता परिषदको तर्फबाट यो कार्यक्रममा शुभकामना मन्तव्य दिने मौका दिनुभएकोमा मेरो व्यक्तिगत तर्फबाट र नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

वास्तवमा यो विभिन्न विचार र आस्थाको आधारमा क्रियाशील ट्रेड युनियनहरू बीच एकता भएर जेटियुसीसीको रूपमा अगाडि बढ्यो, यसले धेरै चीजलाई सजिलो बनाएको छ । खास गरेर रोजगारदाताको तर्फबाट भन्नु पर्दा र सरकारको तर्फबाट भन्नुपर्दा यसले नेगोसिएसनमा नेतृत्वदायी भूमिका गरेको छ । यसले साँच्चै एउटा रिजल्ट पनि निकालेको छ । चाहे श्रम ऐनको कुरा गरौँ चाहे सामाजिक सुरक्षा ऐनको कुरा गरौँ, यी ऐनहरू आउनमा यो जेटीयुसीसीको ठूलो भूमिका रहेको म यहाँ राख्न चाहन्छु ।

नेपालमा श्रम सम्बन्धको कुरा गर्दाखेरी रोजगारदाता र श्रमिक संगठनहरूको प्रतिनिधि एउटा टेबलमा बस्न नसक्ने थियो, यति भनिरहदा अहिले रोजगारदाता र श्रमिक ट्रेड युनियन बीच ग्यापै छैन सबै सुल्भिसक्यो भन्न पनि म चाहन्न । तर, एउटा कुरा चाहिँ के देखिन्छ भने यहाँ माननीय उपप्रधानमन्त्रीज्यू र प्रधानमन्त्रीज्यूको राजनीतिक सल्लाहकारज्यू पनि हुनुहुन्छ, अहिले नेपालमा बिजिनेस गर्ने वातावरणको ऱ्याङ्किङ्को हिसाबले धेरै नै सुधार भएको छ । इन्डिकेटरले त्यो देखाउँछ, त्यसको एउटा कारण के पनि हो भने नयाँ संरचना अनुसार लगानी प्रवर्धन गर्ने हिसाबमा धेरै नियम कानुनहरू सुधारिएर आएको अवस्थाको पनि कारण हो भने अर्को एउटा कारण इन्डिकेटरमा इम्प्रुभ भएको छ, त्यो नेपाल श्रम सम्बन्ध जुन रोजगारदाता र श्रमिकको सम्बन्ध छ, त्यसको कारणले पनि हो भन्ने मलाई लाग्छ । यसको मतलब म के भन्न चाहन्छु भने अझै पनि जो यहाँ धेरै ट्रेड युनियन लिडरहरूले भन्नुभएको छ, हामीले ठ्याक्कै सोच्या जस्तो चाहे सामाजिक सुरक्षा योजनाको कुरा गरौँ, चाहे अरु कुराहरू हामीले ठ्याक्कै भन्या जस्तो भएको छैन । तै पनि म रोजगारदाता र श्रमिक संगठनहरू बीच सुमधुर सम्बन्ध भन्न रुचाउँछु । एउटा टेबलमा बस्न नसक्ने हाम्रो सम्बन्ध क्रमशः एकदमै नारो डाउन भएको अवस्था छ, यो उत्साह जनक हो भन्ने मलाई लाग्छ ।

सामाजिक सुरक्षाको कुरा गर्दा १२ हजार जति उद्योग प्रतिष्ठानहरू र १ लाख ३५ हजारभन्दा बढी श्रमिकहरू रजिस्टर भएको कुरा आयो। हुन त यो श्रम ऐन र सामाजिक सुरक्षा ऐन त्रिपक्षीय रूपमै सहमति भएर बनेको हो, अहिले सामाजिक सुरक्षाको कुरा गर्दा कार्यान्वयनको क्रममा टेक्निकलको कारणले गर्दा हामीले सोच्या जति रिजल्ट आउन सकेको छैन। धेरै कुराहरू करेक्सन पनि बीचमा भएको छ। परिषदको तर्फबाट अथवा निजी क्षेत्रको तर्फबाट भन्दाखेरी यो योगदानमा आधारित सामाजिक सुरक्षाबाट निजी क्षेत्र इस्केप गर्न खोजेको छैन। अझै पनि सहकार्यमै लागु गर्न सकिन्छ। यसको पूर्ण कार्यान्वयनको पक्षमा छ। म यो कार्यक्रममा के मात्रै भन्न चाहन्छु भने जेटियुसीसीको वर्तमान अध्यक्षले यो कार्यकाल सफलरूपमा पूरा गरेको छ, उहाँलाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु, उहाँको कार्यकालपछि जुन नयाँ अध्यक्ष आउँदै हुनुहुन्छ, उहाँको कार्यकालको पूर्ण सफलताको कामना पनि गर्न चाहन्छु। यही कामना गर्दै निजी क्षेत्र यहाँहरूसँग सहकार्य गरेरै अगाडि बढ्ने कुरामा म रोजगारदाता परिषको सभापति र उद्योग वाणिज्य महासंघ निजी क्षेत्रको प्रतिनिधिको हिसाबले म यहाँहरू सँगसँगै अगाडि बढ्न चाहन्छु। कुनै पनि उद्योग प्रतिष्ठान सञ्चालन गर्दाखेरी ती प्रतिष्ठानहरूको रिजल्ट भनौं त्यसको आउटपुट एकदमै राम्रो भयो भने तब मात्र श्रमिकहरू र त्यसमा लगानी गर्ने लगानकर्ताहरूले रिटर्न पाउने भएकोले सामाजिक सुरक्षा योजना लगायत अरु कुरामा समेत हामी सँगै छौं भनेर प्रतिबद्धता जाहेर गर्न चाहन्छु।

---



## नेपालको संविधानले नै श्रमिकहरूको हक हितको सुनिश्चितता गरेको छ

● **विनोद केसी**
**सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

सार्वप्रथम यस्तो महत्वपूर्ण कार्यकममा श्रम मन्त्रालयको प्रतिनिधित्वको लागि मलाई आमन्त्रण गरेर बोल्न दिनुभयो, त्यसको लागि म हार्दिक धन्यवाद दिन चाहन्छु। साथै नयाँ आउने नेतृत्वलाई आउने कार्यकालको सफलताको शुभकामना दिन चाहन्छु। बिदाइ हुँदै लाग्नु भएका पदाधिकारीज्यूहरूलाई हालसम्मको कामको लागि र सहयोगको लागि मन्त्रालयको तर्फबाट हार्दिक धन्यवाद भन्न चाहन्छु।

उद्योगको विकासमा श्रमिकको महत्व हामीले भनिरहनु पर्दैन, उद्योगपति र श्रमिकको सम्बन्ध भनेको शरीर र मुटु जस्तो छ। त्यसकारण श्रमिकहरूको हित कल्याण कसरी गर्ने भन्ने कुरामा

उद्योग व्यवसायी लगायत सरकारले पनि ध्यान दिनुपर्छ । यसमा प्रमुखरूपमा राज्य लागिरहेको अवस्था छ । विश्वका विभिन्न श्रमिक आन्दोलनहरूको कारणबाट हाम्रो देशमा यो श्रम आन्दोलन र श्रमिकहरू यो अवस्थामा आइपुगेको छ । नेपालमा जहिले उद्योग स्थपना भयो, त्यो बेला देखि नै श्रमिकहरूले विभिन्न तरिकाले आफ्नो कुरा उठाउँदै आएको थियो र अहिलेको अवस्थामा यो रूपमा आएको छ । नेपालको संविधानले नै श्रमिकहरूको हक हितको सुनिश्चितता गरेको छ । श्रमिकहरूको कसरी कल्याण गर्ने, उद्योगको विकासमा श्रमिकहरूको सम्बन्ध कस्तो रहन्छ र कसरी योगदान गर्नुपर्छ भन्ने कुरा विभिन्न नीति कार्यक्रमहरूमा आएको छ । यसैको फलस्वरूप नयाँ श्रम ऐन पनि सुधारिएर आएको छ । सामाजिक सुरक्षा ऐन पनि आएको छ । यो दुबै ऐनहरूमा सामूहिक प्रतिबद्धता आएको छ । यसमा रोजगार दाताको पनि प्रतिबद्धता छ । श्रमिकको पनि प्रतिबद्धता छ । साथै सरकारको पनि प्रतिबद्धता छ । यसरी आएको यो सामूहिक दस्ताबेजलाई कार्यान्वयन गर्नु हाम्रो प्रमुख चुनौती रहेको छ । जसरी अघिल्ला वक्ताहरूले भन्नुभयो, श्रम ऐन जसरी कार्यान्वनमा आयो, यो सामाजिक सुरक्षा ऐन किन आएन ? यो एउटा सोच्ने विषय छ । केही मसिना प्राविधिक कुरालाई ल्याएर प्रमुख विषय जस्तो बनाएर प्रचार गरेर जुन खालको एउटा सामाजिक सुरक्षामा आबद्धता हुनमा एउटा अस्पस्टता जस्तो देखाइएको छ, त्यस्तो अवस्था हैन, सारै सामान्य सारै प्राविधिक कुराहरू छन्, जुन समाधान गर्न सरकारले प्रकिया पनि चालिसकेको छ । यसमा हामी सबै सचेत हुनु पर्नेछ । रोजगारदाताहरू र श्रमिक साथीहरूलाई म यहीँबाट आह्वान गर्छु, यसमा बाहिर आइरहेको जस्तो कुनै त्यस्तो अवस्था छैन यहाँहरूलाई आबद्ध हुनको लागि म यहीँबाट पुनः आह्वान गर्दछु ।

कोषमा रहेको कुनै पनि पैसा सरकारको कोषमा जाँदैन, सबै श्रमिकको हकको लागि हो । श्रमिकहरूकै सुरक्षाको लागि हो । उहाँहरूकै सुविधाको लागि हो । त्यसकारण यसमा आबद्ध हुनलाई केही कन्जुस्याइ गर्नु पर्ने अवस्था छैन । कुनै दुबिधा लिनु पर्ने अवस्था छैन । यहाँ केही समस्या छ, सामाजिक सुरक्षा कोषमा रहेको पैसा सरकारी कोषमा पो जान्छ कि दुबिधा रहेको देखिएको छ । सरकारी कोषमा जान सक्ने अवस्था छैन । यदि कोषमा पैसा रहेन र कोषले धान्न सकेन भने सरकारले त्यसमा योगदान गर्ने कुरा प्रस्ट लेखिएको छ । रोजगारदाता साथीहरूलाई यहीँबाट आह्वान गर्छु, श्रमिक साथीहरू योगदानमा सामेल हुन सक्दैनौँ भनेर कहीँ पनि उठेको छैन, रोजगारदाता साथीहरू आउनुहुन्छ र भन्नुहुन्छ, श्रमिक साथीहरूले मान्नु भएन । श्रमिकहरू साँच्चिकै आबद्धता हुन नचाहेको हो त ? रोजगारदाताले भने झैँ श्रमिकहरू जान नचाहेकै हो त ? त्यसो हो भने आउनुस्, कसरी यसलाई सुधार गर्न सकिन्छ ? हामी सामूहिक रूपमा छलफल गरौँ । म मन्त्रालयको तर्फबाट पनि के आग्रह गर्छु भने यहाँहरूले यसमा कुनै सन्देह नराखी कन जसरी एकताबद्ध रूपमा हामीले ऐन ल्यायौँ, कार्ययोजनाहरू ल्यायौँ त्यही आधारमा यसमा सामेल हुनको लागि पनि सामूहिक प्रयत्न गरौँ । हैन भने अहिले देखिएका भर्खरै बच्चाको रूपमा विकास भएको समस्या पालन पोषन गरेर हुर्कने कामहरू हुनसक्छ । अहिले सुरु हुँदाकै अवस्थामा सामाजिक सुरक्षालाई विकसित हुन नदिने खालको जुन परिपञ्च जस्तो देखिदै गएको छ, यसमा सचेत रहनको लागि सम्पूर्ण श्रमिक साथीहरू र रोजगारदाता साथीहरूलाई आग्रह गर्न चाहन्छु । आगामी दिनको लागि नयाँ कार्यसमिति आउँदै छ । त्यो कार्यसमितिले सामाजिक सुरक्षालाई प्रमुख मुद्दाको रूपमा उठाएको छ । त्यो मुद्दा प्रमुख रूपमा आउनु नै यो सामाजिक सुरक्षा कार्यान्वयन हुन्छ भन्ने एउटा सुनिश्चितता पनि हो भन्ने मैल ठानेको छु । तपाईंहरूको कार्यक्रम सफल होस् साथै नयाँ कार्यसमितिलाई पनि म शुभकामना दिन चाहन्छु ।



## भविष्यमा जेटियुसीसीले आफ्नो संस्थाको क्षमता अझ बढाउनु पर्छ

● प्रभु राजेन्द्रन
एसिया कन्सल्टान्टस्, एफएनभी

सर्वप्रथम म जेटियुसीसीको चौथो श्रम संसदको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। जेटियुसीसी बाह्र वर्ष पुगिसकेको छ। लक्ष्यअनुसार यसले धेरै काम गर्दै आइरहेको छ। बाह्र वर्ष अगाडि यस मञ्चमा बस्नुभएका वरिष्ठ ट्रेड युनियन नेताहरूले यसको स्थापना गर्नुभएको थियो। स्थापना पछि यसले गरेको उपलब्धि उदाहरणीय र महत्वपूर्ण छ। जेटियुसीसीबाट दक्षिण एसियाका अरु देशहरूले पनि सिक्नुपर्छ भन्ने विषयमा साथीहरूसँग कुरा गरिरहेको छु। आवश्यकता अनुसार भविष्यमा जेटियुसीसीले आफ्नो संस्थाको क्षमता अझ बढाउनु पर्छ। श्रमिकहरूको साझा एजेण्डालाई अझ साझा रूपमा उठाउनु पर्छ। यसको लागि सामाजिक संवाद गर्नको निम्ति संरचना बनाउनुपर्छ। संस्थागत क्षमता वृद्धिको लागि ट्रेड यूनियन ऐनलाई परिमार्जन गर्दै व्यवस्थित गर्नुपर्छ। म मेरो छोटो मन्तव्यमा तपाईहरूले गर्नुभएको उपलब्धिहरूको प्रशंसा गर्न चाहन्छु। आगामी दिनमा जेटियुसीसी अझ अघि बढ्न सकोस्।

---



## श्रमिकले पाइरहेको सामाजिक सुरक्षा कटौती नहुने गरी योगदानमा आधारित सामाजिक सुरक्षा योजना अगाडि बढाउन सक्नुपर्छ

● पुष्कर आचार्य
अध्यक्ष, नेपाल ट्रेड युनियन कांग्रेस-एनटियुसी

सर्वप्रथम म नेपाल ट्रेड युनियन कांग्रेसको तर्फबाट र यसको २७ वटा आबद्ध संघ र यसको ४ लाख २५ हजार सदस्यहरूको तर्फबाट यो श्रम सम्मेलनको भव्य सफलताको कामना गर्दछु। यसको

उपलब्धिहरूले आम श्रमिकहरूको हित गर्न सकोस्, यसको निष्कर्षहरू लागु गर्ने दिशामा समग्र ट्रेड युनियनहरू काम गर्न सकुन् र नेपालका श्रमिकहरूको भविष्य उज्ज्वल बन्न सकोस् । यो श्रम संसद मार्फत् शुभकामना दिन चाहन्छु ।

हामीले धेरै अगाडिदेखि प्रिय लक्ष्मण बस्नेत, आदरणीय मुकुन्द न्यौपाने र आदरणीय शालिग्रामजी लगायतका नेतृत्वहरूले सुरुवात गरेर एक ढंगले सबै श्रमिकहरूलाई साझा मुद्दामा अगाडि बढाउन र श्रमिकहरूको हितको लागि साझा ढंगले काम गर्ने जुन उद्देश्यका साथ सुरु गर्नुभएको छ, यसको धेरै सार्थक हामीले प्राप्त गरेका छौँ । यसैको फलस्वरूप यो मुलकमा हामीले सहमतिको आधारमा नयाँ श्रम ऐन र नयाँ सामाजिक सुरक्षा ऐन प्राप्त गरेका छौँ । यो सहमति गर्ने दिशामा नेपालका रोजगारदाताहरूसँग जेटियुसीसीकै माध्यमबाट हामीले एकताबद्ध भएर सहमतिको आधारमा काम गर्न सक्यौँ, जसले नयाँ युगको सुरुवाट गर्ने गरी सामाजिक सुरक्षाको अभियानि सुरु भएको छ । प्रधानमन्त्रीले अघिल्लो वर्ष सुरु गरेको नयाँ युगको सुरुवाट नेपालका श्रमजीवीहरूले सामाजिक सुरक्षाको अधिकार प्राप्त गर्ने दिशामा अगाडि बढ्छ भनिएको छ, त्यही बेला पनि हामीले भनेका थियौँ, यो समग्र श्रमले प्राप्त गर्दैनौँ, तबसम्म नयाँ युगको सुरुवाट होइन, अहिले त्यो विडम्बना देखिएको छ । हिजोको कानुनले जसले सामाजिक सुरक्षा प्राप्त गरिरहेको थियो, तिनीहरूको सामाजिक सुरक्षा कटौती हुने सम्भावना र हिजोको कानुनले प्राप्त नगरिरहेको सामाजिक सुरक्षा आज पनि मजदुरहरूले प्राप्त गरिरहेको छैन । यो अन्योलको अवस्थामा छ । अबको ट्रेड युनियनले त्यस काम गर्नुपर्छ । नेपालको श्रम कानुन र नेपालको योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले सबै मजदुरहरू सामाजिक सुरक्षाको दायरमा आउनेछ भनिएको छ । त्यसलाई राज्यले सबै श्रमिकहरूलाई क्रमशः सामाजिक सुरक्षाको योजनामा समावेश गर्दै जानुपर्ने स्थिति छ, त्यो भएको छैन । मेरो आग्रह छ, राज्यले चाँडो भन्दा चाँडो यो योगदानमा आधारित सामाजिक सुरक्षा योजना मुलुकको कानुन अनुसार सबै श्रमिकलाई सामाजिक सुरक्षाको दायरमा ल्याएर हिजो जुन श्रमिकहरूले सामाजिक सुरक्षा पाइरहेको थियो, तिनीहरूको सामाजिक सुरक्षा कटौती नहुने गरी अबको सामाजिक सुरक्षा अगाडि बढाउन सक्नुपर्छ, यसले नै यो मुलुकको श्रमिकहरूको हित हुन्छ । यसमा नै जेटियुसीसीको उद्देश्य प्राप्ति हुन्छ । यो उद्देश्य प्राप्ति गर्ने दिशामा हिजो हामीले श्रम संसदको बन्दसत्रबाट भावी कार्यक्रमहरूको निर्णय गरेका छौँ । ती कार्यक्रमहरूलाई तदारुकताका साथ लागु गर्ने दिशामा हामी समग्र ट्रेड युनियनकर्मीहरू एकताबद्ध भएर अगाडि बढ्न सक्यौँ भने निश्चित रूपमा यो मुलुकमा हिजो प्रधानमन्त्रीले भने जस्तो श्रमिकहरूले नयाँ युगको सुरुवाट भएको अनुभूति हुनेछ । हामी ट्रेड युनियनहरूले समग्र श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सकेमा मात्र नेपालको श्रमिक आन्दोलनले एउटा गति लिनेछ, हिजो श्रम लचकतालाई आधार मानेर मजदुरहरूमाथि गरिने एक पक्षीय अन्याय विशेष गरेर धारा १४५ को प्रयोग र सामाजिक सुरक्षाको मजदुरहरूले नपाइरहेको परिस्थितिबाट उन्मुक्ति पाउनेछ । यस दिशामा हामी काम गर्न सकौँ, यही शुभकामनाका साथ आगामी दिनमा नेपालका ट्रेड युनियनहरू एकताबद्ध भएर जान सकौँ ।

अन्त्यमा, चौथो संसदले पारित गरेका सबै कार्यक्रमहरू कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउछु र नेपालको ट्रेड युनियन आन्दोलनलाई सबल, सक्षम र मजबुट बनाउने दिशामा मैलाई जुन ढंगले यहाँहरूले जिम्मेवारी दिनुभएको छ, त्यो जिम्मेवारलाई परिपूर्ति गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।




# आगामी दिनमा सामाजिक सुरक्षा कोष कार्यान्वयनको निमित्त जेटियुसीसीले बाध्य बनाउने छ

● जगत सिंखडा
अध्यक्ष, अखिल नेपाल ट्रेड युनियन महासंघ-अन्टुफ

मैले भन्नै पर्छ, अहिले हामी सामाजिक सुरक्षाको कुराकानी गरिरहेका छौं, श्रम ऐनको कुराकानी गरिरहेका छौं। सामाजिक सुरक्षाको कुराकानी गर्दाखेरि हामीले नयाँ युगको सुरु भो, सामाजिक सुरक्षा लागु भो भन्ने जुन उत्साहका साथ सामाजिक सुरक्षा लागु भयो। भनिन्छ, नेपालमा झण्डै नौ लाख हाराहारीमा उद्योग कलकारखाना छन्, कम्पनी रजिस्ट्रेसनमा दर्ता भएको, त्यो मध्ये कति जीवित छ, कति मृत छ, त्यो मलाई थाहा छैन। यहाँ अहिले श्रम मन्त्रालयका सचिव पनि हुनुहुन्छ, तर सामाजिक सुरक्षाको सूचीकरण गर्न तेस्रो पटकको म्याद थप गर्दाखेरि ११ हजार ९ सय २ वटा प्रतिष्ठानहरु सूचीकरण भएका छन्। त्यसमा काम गर्ने १ लाख ३५ हजार ४ सय ४९ मजदुर सूचीकरण भएको छ।

अहिले यो तथ्याङ्कले के देखाउँछ भने सामाजिक सुरक्षा कार्यान्वयनमा जटिलताहरु सृजना भएको छ। सामाजिक सुरक्षा कार्यान्वयनमा जुन तदारुकता देखिनुपर्थ्यो, त्यो नदेखिएको देखिन्छ। आगामी जेटियुसीसीको नेतृत्वले यो सामाजिक सुरक्षा कार्यान्वयनको विषयमा गम्भीरतापूर्वक लानेछ, मैले यसमा विश्वास व्यक्त गर्न चाहन्छु र म एउटा ट्रेड युनियन महासंघको अध्यक्षको हिसाबले सहयोग पनि गर्न चाहन्छु।

श्रम ऐन हामीले बनायौं, श्रम ऐनमा धेरै सकारात्मक विषयहरु पनि छन्। श्रम ऐनमा एक जना मजदुर भए पनि रोजगार सम्झौता गरेरै मात्र काममा लगाउनुपर्ने व्यवस्था छ। तर आज लाखौं मजदुरहरु श्रम सम्झौता नगरी काममा लगाइएको छ। त्यो मजदुर पक्षीय दफा कार्यान्वयनमा आउँदैन। जो श्रम ऐनको दफा १४५ जुन मजदुरलाई कामबाट निष्कासन गर्न सक्ने, जागिरबाट हटाउन सक्ने, जुनसुकै बाहना देखाउन सक्ने, त्यो बुँदा आज कार्यान्वयनको प्रक्रियामा गएको छ। यो दफा १४५ लगायत श्रम ऐनको मजदुर विरोधी जुन दफाहरु छन्, त्यो संशोधनको प्रक्रियामा हामीले लानै पर्दछ भनेर राख्न चाहन्छु।

आगामी दिनमा श्रम ऐनको मजदुर विरोधी धाराहरु कार्यान्वयन गर्ने, मजदुर पक्षीय श्रम ऐनका दफाहरु कार्यान्वयन नगर्ने र योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यान्वयन नगर्ने, त्योति सहज हुने छैन। योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यान्वयनको निमित्त जेटियुसीसीले बाध्य बनाउने छ र मजदुर पक्षीय श्रम ऐन कार्यान्वयनमा पनि बाध्य बनाउने छ। मजदुरको विरुद्धमा भएका दफा १४५ लगायतका दफाहरु कार्यान्वयन गर्ने विषयमा रोजगारदाताहरुले दश चोटि सोच्न पर्ने बाध्यताको स्थिति जेटियुसीसीको अबको टिमले गर्नेछ।

# सामाजिक सुरक्षा योजना कार्यान्वयनमा गम्भीरता देखिएको छैन भन्ने हाम्रो ठहर छ

● विश्वनाथ प्याकुरेल
अध्यक्ष, पेशागत महासंघ, नेपाल–कोनेप




हामी ट्रेड युनियन आन्दोलनको छाता संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको चौथो श्रम संसदको यो महत्वपूर्ण बैठकमा उपस्थित छौँ। हाम्रा अग्रजहरूले आरम्भ गर्नुभएको संयुक्त अभियानले एघार वर्ष पार गर्दैछ। यस अवसरमा संयुक्त ट्रेड युनियन आन्दोलनका अगुवाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु। श्रमिकका मुद्दाहरूमा साझा दृष्टिकोण निर्माण गर्दै अघि बढ्ने सिलसिलामा हामी मुलुकभित्र क्रियाशील सिंगो श्रम शक्ति एक ठाउँमा उभिएका छौँ। हाम्रो एकीकृत तागतको फलस्वरूप नै नेपालको संविधानले ट्रेड युनियन अधिकार संवैधानिक रूपमा सुनिश्चित गरेको छ। नयाँ संविधानको प्रकाशमा नयाँ श्रम ऐन तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन जारी भई सामाजिक सुरक्षा योजना कार्यान्वयनको अवस्थामा छ। ७३ वर्षको ट्रेड युनियन आन्दोलनको इतिहासमा यो निकै महत्वपूर्ण उपलब्धि हो। यस्ता उपलब्धिहरूले नेपाली श्रमजीवीहरूको जीवन रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने हाम्रो विश्वास हो।

भर्खरै हामीले सामाजिक सुरक्षा दिवस मनायौँ, हाम्रो यो चौथो श्रम संसदको बैठकले हिजो मात्रै नेपालको श्रम आन्दोलनको समीक्षा गरेका छौँ। सामाजिक सुरक्षा योजना कार्यान्वयनमा गम्भीरता देखिएको छैन भन्ने हाम्रो ठहर छ। रोजगारदाताहरूको तर्फबाट उक्त योजना कार्यान्वयनमा इमान्दारिता नदेखिएको। एकातिर अनौपचारिक क्षेत्रका श्रमिकहरूले सामाजिक सुरक्षाको अनुभूति गर्न सकेका छैनन् भने अर्कोतर्फ अस्थायी, ज्यालादारी तथा करारमा काम गर्ने श्रमिकहरू यस योजनाबाट विमुख अवस्थामा छन्। यस महत्वपूर्ण बैठकमा घोषित सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन, श्रम ऐनको श्रमिक हित विरोधी प्रावधानहरूको खारेजी, संविधानको भावना विपरीत ट्रेड युनियन अधिकार कटौती गर्ने वा संकुचन गर्ने प्रयासहरूको अन्त्य तथा संवैधानिक रूपमा श्रम आयोगको गठन, नीति निर्माण तहमा श्रमिकको प्रतिनिधित्वको सुनिश्चितता, आईएलओ अभिसन्धि नं. ८७ अनुमोदन हाम्रो गम्भीर मुद्दाहरू र छलफलका विषयहरू रहिआएका छन्। जेटियुसीसीको नेतृत्वले अहिले नयाँ नेतृत्वको निर्माण गर्दैछौँ। यो नयाँ नेतृत्वले श्रमिक वर्गका सरोकारका मुद्दाहरू सम्बोधनको निमित्त ध्यान केन्द्रित गर्ने विश्वास राख्दै श्रम संसदको यो पूर्ण बैठकको सफलताको कामना गर्दछु।




# महिला समितिले श्रमिक महिलाका विषयहरूलाई श्रम आन्दोलनको मूलप्रवाहमा ल्याउन जेटीयुसीसीलाई मार्ग प्रशस्त गर्दै आएको छ

● **सुधा दाहाल**
**संयोजक, जेटियुसीसी महिला समिति**

२०७१ साल पौषमा सम्पन्न दोस्रो सम्मेलनमा जारी गरेको विधानको प्रावधानअनुरूप ट्रेड युनियन आन्दोलनमा श्रमिक महिलाको सहभागिता, क्षमता, राजनीतिक चेतना आदि वृद्धि गरी श्रम आन्दोलनका हरेक क्षेत्रमा श्रमिक महिलाहरूलाई सशक्त बनाउन छुट्टै महिला समितिको व्यवस्था गरेको छ । महिला समितिले आफ्ना संयुक्त बैठक र हरेक तीन वर्षमा सम्मेलन मार्फत् नीति पारित गरी श्रम क्षेत्रमा रहेका श्रमिक महिलाका समसामयिक विषयहरूलाई श्रम आन्दोलनको मूलप्रवाहमा ल्याउनका लागि संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र (जेटीयुसीसी) लाई मार्ग प्रशस्त गर्दै आएको छ ।

नेपाली श्रमिक महिला आन्दोलन र महिलाका विषयलाई एकताबद्ध रूपमा अगाडि बढाउँदा धेरै सहज हुन्छ भन्ने अनुभूतिको आधारमा वि.सं. २०५७ सालमा जेण्डर समानता र प्रवर्द्धनका लागि ट्रेड यूनियन कमिटी (टीयुसीजीईपी-टुकगेप्) को स्थापना गरी विभिन्न श्रमिक महिलामैत्री कार्यक्रम सञ्चालन गरियो । जेटियूसीसी महिला समिति गठन पछि महिलाका विषयमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छौं । संविधान तथा श्रममैत्री कानुनहरूमा महिलाका विषय समावेशका लागि निरन्तर लबीङ तथा वकालत गर्दै आइरहेका छौं । यही वर्षमात्र अन्तर र्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने क्रममा “कार्यस्थलमा हुने यौनजन्य हिंसा अन्त्यका लागि ट्रेड युनियनको भूमिका” विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

जुन २०१९ मा जेनेभामा सम्पन्न भएको १०८औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनले ILO Convention on Violence and harassment (No.190) कन्भेन्सन पास गरेको छ ।

प्रदेश स्तरका महिला गतिविधि तथा तालिमहरू सञ्चालन गर्नका निम्ति जेटियुसीसी महिला समितिले काठमाडौंमा दुई दिने महिला प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गरी ३१ जना महिला प्रशिक्षक तयार गरियो ।

महिला प्रशिक्षक प्रशिक्षण तालिमबाट तयार पारिएका महिला प्रशिक्षकहरूले पाँच वटा प्रदेशमा प्रदेश स्तरीय महिला प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो ।

यही २०७६ पौष १ गते जेटियुसीसी महिला समितिको भावी रणनीति विषयक अन्तरक्रियाले निकालेको निष्कर्षलाई यहाँ छोटो प्रस्तुति गर्ने अनुमति चाहन्छु ।

- राज्यको मूल कानुन (संविधान) को मर्मअनुसार सहभागिता र नतिजाका आधारमा प्रतिनिधित्वको सवाल
- कार्यस्थलमा हुने महिला हिंसा, लैङ्गिक दुरुत्साहनको अन्त्य र महिला मैत्री वातावरणको निर्माण
- समान कामको समान ज्याला, नियुक्ति, पदोन्नति वृत्ति विकासमा सहुलियतपूर्ण अवसर ।
- संवैधानिक राष्ट्रिय महिला आयोगमा श्रमिक महिलाहरूको तर्फबाट प्रतिनिधित्वको सवाल ।
- आमाको नाममा नागरिकताको समस्याको सवाल, पैत्रिक सम्पत्तिमा छोरा र छोरीको समान हक ।
- आइ.एलो.ओ अभिसन्धिहरूको धारा ८७, १८३, १५६, १०२, र १९९ को अनुमोदन र तदनुरूप कानुन संशोधन ।
- सार्वजनिक तथा निजी क्षेत्रमा श्रमिक महिलामाथि भइरहेको श्रम शोषणको अन्त्य ।
- मातृत्व संरक्षण तथा शिशुस्याहार केन्द्र स्थानीय तहसम्म बाल विकास केन्द्रको रूपमा व्यवस्थापन
- अस्थायी, ज्यालादारी, करारको माध्यमबाट काम गराउने प्रचलनको अन्त्य ।
- सार्वजनिक क्षेत्रमा राज्यको लगानी वृद्धि, तीव्ररूपमा भइरहेको निजीकरणको अन्त्य, रोजगारीका अवसरमा व्यापक वृद्धि गरी ‘समाजवाद’ उन्मुख राज्य व्यवस्थाको धरातल निर्माण ।
- अध्ययन सूचना प्रविधिहरूमा महिला श्रमिकहरूको पहुँच, प्रयोग र अवसरहरूमा गुणात्मक वृद्धि ।
- श्रम ऐन, सामाजिक सुरक्षा ऐन लगायत सबै श्रम कानुनहरू श्रमिकमैत्री बन्नु पर्ने
- नयाँ पिंढीका महिलाहरूलाई नेतृत्वमा ल्याउन नेतृत्व विकास कार्यक्रम सञ्चालन
- राष्ट्रिय महिला आयोगमा श्रमिक महिला प्रतिनिधित्व तथा हरेक आयोगहरूमा श्रमिकको प्रतिनिधित्वका लागि प्रेसर, लबीङ
- जेण्डर अडिट गर्ने व्यवस्था
- अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च), अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे १), महिला हिंसाको विरुद्धको १६ दिने अभियान, मानव अधिकार दिवस (डिसेम्बर १०) आदिलाई महिलाहरूलाई सशक्तीकरण गर्ने दिवसको रूपमा मनाउने व्यवस्था गर्ने ।

आगामी दिनमा यी मुद्दाहरूलाई जेटियुसीसी महिला समितिले सशक्तरूपमा अगाडि बढाउने प्रतिबद्धता सहित अन्त्यमा सन् २०१९ को महिला समितिको कार्यकाल सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग गर्ने सम्पूर्णमा हार्दिक धन्यवाद र अब आउने नेतृत्वलाई शुभकामना व्यक्त गर्दछु ।



# मजदुर रहेन भने यो देश बन्दैन, मजदुर रहेन भने यो विश्व बन्दैन

● **पल्टन ठाकुर**
**महासचिव, जेटियुसीसी एवं**
**अध्यक्ष, मधेसी ट्रेड युनियन महासंघ-एमटियुसी**

साथीहरू, हामी एक वर्षभन्दा बढी भइसक्यो, हाम्रो योगदानमा आधारित सामाजिक सुरक्षा अहिलेसम्म लागु भइरहेको छैन । हाम्रो मजदुरहरूलाई कारखानाबाट निष्काशन गरेर मजदुरहरूलाई फाँसी लगाउने काम सुरु भइसकेछ । हामी यो देशमा ८३ प्रतिशत मजदुर छौँ । १७ प्रतिशत मालिक छ । मजदुर विधाता हो । यो हाम्रो मालिकहरूलाई ध्यान छैन । मजदुर रहेन भने यो देश बन्दैन । मजदुर रहेन भने यो विश्व बन्दैन । मजदुर रहेन भने जति मञ्चमा बसेका छन्, त्यो बस्न सक्दैन । मजदुर रहेन भने शरीरमा कछार पनि लाग्न सक्दैन । मजदुरलाई दुःख दिने राज्यको काम हैन । मजदुरलाई दुःख दिने मालिकको कामै हैन । साथीहरू ध्यान दिनुस् मजदुरलाई बाँडफाँड गरेको छ, कोही औपचारिक, कोही अनौपचारिक, कोही स्वरोजगार - मजदुर एउटै हुन्छ । जसको नाम मजदुर छ, न औपचारिक छ, न अनौपचारिक छ । औपचारिक र अनौपचारिक छाँटेर मजदुरलाई विचलित बनाउने हैन । जुनसुकै पेसाको मजदुर होस् राज्यले त्यसलाई अगाडि बढाउने काम गरोस् । हामी मञ्चमा भाषण गर्छौं, तर नेताहरू बुझ्दैनन् । हामीले हामी सबै मजदुरहरू एक साथ हात उठाएर हामी सबै मजदुरहरू एक हौं भनेर नेताहरूलाई सम्झाउने गराउनुपर्छ । सम्झना गराएन भने हामीले धेरै दुःख पाउनेछ ।

# नेपाल सरकारकै विभागमा, मन्त्रालयमा श्रमिकले ३ हजार ३ सय ६५ रुपैयाँ पाइरहेको छ

● इन्द्रदेव मिश्र
अध्यक्ष, नेपाल समावेसी ट्रेड युनियन महासंघ–आइएनटीयुसी



सबभन्दा पहिले म आफ्नो संस्थाको तर्फबाट र मेरो तर्फबाट यो चौथो श्रम संसदको सफलताको शुभकामना दिन चाहन्छु । यो संस्थाले आफ्नो उद्देश्य पूरा गरोस् शुभकामना छ । एक दुई वटा कुरामा म ध्यान आकर्षण गर्न चाहन्छु । यो जेटियुसीसीको आज चौथा श्रम सम्मेलन हो, हामी बाह्रौं वर्षमा प्रवेश गरेका छौं । जेटियुसीसी २०६४ सालमा स्थापना भएको हो, अर्थात् बाह्र वर्ष भो । जुन उद्देश्यले जेटियुसीसीको स्थापना भएको थियो, त्यसमा हामी कति अगाडि बढ्न सक्यौं, त्यसको हामीले समीक्षा गर्नुपर्छ । हुन त संसारमा सबैले देशको लागि सबैको लागि भन्छ । जेटियुसीसी भन्यो विविधतामा एकता गर्ने । तर, त्यसप्रति हामी कति इमान्दर हुन सक्यौं ? श्रमिक साथीहरूले हामीमाथि आस्था, विश्वास र निष्ठा राख्यो त्यसको लागि हामी कति कसौटीमा उत्रन सक्यौं भन्ने समीक्षा गर्ने विषय छ । हामी कुरा गर्न त धेरै अगाडि हुन्छौं, कुरा गऱ्यो भने हामी संसारको कुरा गर्न सक्छौं, तर हामी त्यसको समीक्षा गर्न अलि पछाडि पर्छौं । हाम्रो देशमा यति कानुन आयो कि संसारमा कहीँ त्यति कानुन छैन । तर त्यो कानुन कति हाम्रो छ, हाम्रो लागि आएको कानुन, हाम्रो लागि कति उपयोगी र कति उपयुक्त भइरहेको छ, कति कार्यान्वयन भइरहेको छ ? भित्ता भित्तामा हामी सबै ठाउँमा टाँस्छौं, सामाजिक सुरक्षा ऐन आयो, त्यो दिन त हामीले सोच्यौं, त्यो दिन देखि हामी सबै श्रमिकको अनुहारै परिवर्तन होला कि, तर खै कहाँ गयो ? त्यो जुन उद्देश्यले स्थापना भयो, त्यो कार्यान्वयन कहाँसम्म भयो ? त्यो समीक्षा गर्नु छ । श्रम ऐनको कुरा छ, श्रम ऐन कसको लागि कति उपयोगी भइरहेको छ ? त्यसको अपव्याख्या कति भइरहेको छ ? त्यसको लागि हाम्रो जेटियुसीसीले के गरिरहको छ ? त्यो समीक्षा गर्नुपर्छ । यहाँलाई म ध्यानाकर्षण गराउन चाहन्छु, न्यूनतम वेतन निर्धारण समितिले न्यूनतम वेतनको घोषणा गर्छ, तर फलोअप कति भाछ, निजी क्षेत्रको मात्र कुरा गरेको होइन, सरकारी क्षेत्रमा पनि कति लागु हुन सकिरहेको छ ? त्यो पनि समीक्षाको बेला छ । १३ हजार ४ सय ५० रुपैयाँ हामीले न्यूनतम वेतन भन्यौं, तर नेपाल सरकारकै विभागमा, मन्त्रालयमा श्रमिकले ३ हजार ३ सय ६५ रुपैयाँ पाइरहेको छ । त्यस्तो हजारौं छ, त्यसैले हामीले त्यो कुराको पनि समीक्षा गर्नुपर्ने, त्यसको लागि हाम्रो जेटियुसीसीले दायित्व लिने कि नलिने ? त्यसको लागि राज्यमा कति प्रेसर गऱ्यौं ? त्यसको पनि समीक्षा गर्ने बेला छ । मलाई के लागिरहेको छ, साँच्चै भन्ने हो भने अहिलेको ट्रेड युनियन मुभमेन्टको अवस्था विचलनमा त गइरहेका छैन ? यो समीक्षा गर्नु छ ।



## साहु र हामी बीच नङ र मासुको सम्बन्ध हुन्छ

● **लाल कुमार लामा**
**का.वा. अध्यक्ष, राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ-एनडिकोन्ट**

यो शुभ दिनमा तपाईंहरूसँग दुई चार कुरा भन्न पाउँदा मलाई ज्यादै खुसी लागेको छ । म लामाको छोरा अलि भाषण गर्न जान्दिन, कामले मात्र जान्ने हो । त्यसकारण म के के भन्न चाहन्छु भने मेरो सम्पूर्ण मजदुर साथीहरूले के सोच्नुस् भने तपाईंहरूले के काम गर्दै हुनुहुन्छ, ट्याक्सी चलाउनुहुन्छ भने ट्याक्सीको लाइनमा जानुस्, रिक्सा चलाउनुहुन्छ, रिक्साको लाइनमा जानुस्, त्यहाँ साहु र हामी बीच नङ र मासुको सम्बन्ध हुन्छ । त्यो सम्बन्धलाई कायम राखेर हामीले हाम्रो आन्दोलनलाई अगाडि बढाउनुपर्छ ।



## हामीले भन्दै आएको श्रम आयोगको माग, हामीले छोडेका छैनौं

● **नवराज दाहाल**
**अध्यक्ष, राष्ट्रिय लोकतान्त्रिक ट्रेड युनियन महासंघ स्वतन्त्र-एनडिकोन्ट आई**

धेरै कुरा अग्रज नेताहरूले राखिसक्नुभएको छ । मैले भन्दा धेरै अनुभव भोगिसकेका नेताहरू यहाँ हुँदा हुँदै धेरै कुरा राखि राख्न जरुरी छैन । तर पनि केही कुरा मैले राख्न चाहेँ । हामीलाई अहिले आइपरेका समस्या योगदानमा आधारित सामाजिक सुरक्षा कसरी पूर्णरूपमा कार्यान्वयन गर्ने, असंगठित क्षेत्रलाई यस कार्यक्रममा कसरी प्रवेश गराउने र यी कुराहरू श्रमजीवी साथीहरूसम्म हामीले कसरी पुऱ्याउने ज्वलन्त समस्या हामीमाथि आइरहेको छ । यसलाई हामीले कार्यान्वयनमा जोड दिनुपर्छ । अब यहाँ नेतृत्वमा रहनुभएका साथीहरू र उपप्रधानमन्त्री पनि भएको हुनाले

धेरै अगाडिदेखि हामीले भन्दै आएको श्रम आयोगको माग छ, त्यो मुद्दालाई हामीले छोडेका छैनौं । अर्को हामीले उठाउँदै आएको १० प्रतिशत श्रमजीवीहरूको प्रतिनिधित्वको माग छ । त्यो पनि अगाडि बढ्न सकिरहेको छैन । त्यो मुद्दा पनि हामीले छाडेका छैनौं । असंगठित क्षेत्रका श्रमिकहरूको समस्या पनि जहाँको त्यहीँ छ । हामीले बन्दसत्रमा पनि कुरा उठाएका थियौं । स्कुल क्षेत्र लगायत अन्य धेरै असंगठित क्षेत्रहरूले भोग्नु परेको पिडालाई हामीले कसरी अगाडि बढाउन सक्छौं ? विविधतामा एकता साथ हामी जेटियुसीसीमा आबद्ध भएर हामी एक सुरमा अगाडि बढेका छौं । यो नारालाई हामी निरन्तर अगाडि बढाइरहेका छौं । हिजो जसरी नेतृत्वले विविधतामा एकतालाई अगाडि बढायो त्यसरी नै अब बन्ने नेतृत्वले पनि त्यो कायम राखोस् उहाँहरूलाई शुभकामना छ ।

---

## ऐन कानुनहरूमा श्रमिक मैत्री विषयहरू लेख्न सफल भए पनि कार्यान्वयन प्रक्रियामा समस्या रहेको छ

● चिरागमान कुँवर
अध्यक्ष, राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ, नेपाल-एनडिफन्ट



आज हामी जेटियुसीसीको नेतृत्व हस्तान्तरण कार्यक्रममा सहभागी भएका छौं । ट्रेड युनियन आन्दोलनले संविधान तथा विभिन्न ऐन कानुनहरूमा श्रमिक मैत्री विषयहरू लेख्न सफल भए पनि कार्यान्वयन प्रक्रियामा समस्या रहेको छ । श्रम ऐनको धारा १४५ को अपव्याख्या गर्दै श्रमिकहरूलाई कटौती गर्ने काम एकातिर भइरहेको छ भने अर्कोतिर योगदानमा आधारित सामाजिक सुरक्षा योजनाबारेमा विभिन्न भ्रम सिर्जना गर्दै यसलाई असफल बनाउने प्रयास रोजगारदाताहरूबाट गरिएको छ ।

जलवायु परिवर्तन र बदलिदै गएको कामको संसारले ट्रेड युनियनहरूको काम अझ बढिरहेको छ । विभिन्न तत्वहरू ट्रेड युनियन अधिकार कटौती तथा ट्रेड युनियनका बारेमा नकारात्मक भ्रम सिर्जना गर्न लागिपरेका छन् । औपचारिक मात्र हैन अनौपचारिक क्षेत्रमा समेत योगदानमा आधारित सामाजिक सुरक्षा योजना लागु तथा कार्यान्वयन गर्ने चुनौती छ । यी र यस्ता विविध क्रियाकलाप गर्न नयाँ नेतृत्वलाई शुभकामना सहित मेरो महासंघको हरपल सहयोग र साथ रहने प्रतिबद्धता व्यक्त गर्दै बिदा हुन्छु ।

# चौथो श्रम संसदद्वारा पारित २०२० को लागि भावी कार्यक्रम

संविधान, श्रम कानुन, पूर्ण बहुमतको स्थिर सरकार, सरकारका श्रमप्रति सचेत नीति कार्यक्रम तथा बजेट भएर पनि कार्यान्वयनको प्रभावकारिताका लागि हाम्रो क्रियाशीलता बढाउन आवश्यक छ । करिब दुई दशकदेखिको निरन्तर प्रयास पछि श्रम ऐन, २०७४, श्रम नियमावली २०७५, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ र नियमावली २०७५ ल्याउन सफल भएका छौं ।

नेपाल सरकारले नयाँ युगको सुरुवातको नारा सहित योगदानमा आधारित सामाजिक सुरक्षा योजना शुभारम्भ गरेको एक वर्ष पूरा भएको छ । योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा रोजगारदाता र श्रमिकहरुको सूचीकरण गर्ने काम यो अवधिमा अपेक्षाकृत सङ्ख्यामा हुन सकेन सूचीकरण गर्ने कामलाई थप प्रभावकारी बनाउन दबाबमूलक विशेष अभियानहरु सञ्चालन गर्न आवश्यक छ ।

सन् २०२० लाई मूलरूपमा योगदानमा आधारित सामाजिक सुरक्षा योजना र श्रम कानुनहरु कार्यान्वयनको अभियान वर्ष बनाउन आवश्यक छ । त्यसैले सबै क्षेत्रका (औपचारिक, परम्परागतरूपमा रहेका अनौपचारिक श्रम क्षेत्र र स्वरोजगार) श्रमिकहरुलाई समेट्ने गरी सामाजिक सुरक्षा कार्यविधि निर्माण र परिमार्जन सहित पूर्ण कार्यान्वयनका लागि सचेतनामूलक अभियान सञ्चालन गर्न आवश्यक छ । र, रोजगारदाता, नेपाल सरकार तथा सबै सरोकारवालाहरुको ध्यानाकर्षणका लागि थप योजना सहित सम्बद्ध महासंघहरुको संरचना परिचालन गर्न जरुरी छ ।

नेपाली श्रमजीवी वर्ग र देशको समृद्धिका लागि बृहत् ट्रेड युनियन एकता आवश्यक छ । यसका लागि विद्यमान श्रम सम्बन्धी विषयहरुलाई प्राथमिकता दिदै संयुक्त ट्रेड युनियन समन्वय केन्द्रले सन् २०२० मा देहाय अनुसारको कार्यक्रम प्राथमिकताका साथ अगाडि बढाइने छ ।

**१. नीतिगत हस्तक्षेप गरिने विषयहरु**

१.१ सामूहिक सौदाबाजी प्रणाली, आधिकारिक ट्रेड युनियन निर्वाचन विधि तथा संरचनामा पुनरावलोकन गर्दै ट्रेड युनियन दर्ता, नवीकरण तथा नियमन प्रभावकारी बनाउन ट्रेड युनियनको ऐन २०४९ अविलम्ब संशोधन एवं परिमार्जनका लागि पहल गर्ने ।

१.२ श्रम ऐन २०७४ को दफा १४५ को अपव्याख्या गर्दै नेपाली श्रमिक कटौती गर्ने, विदेशी श्रमिक भर्ना गर्ने र कार्यरत श्रमिकहरुलाई आउट सोर्समा परिणत गर्ने तथा जग्गा प्लटिङ गर्ने उद्देश्यले कम्पनी बन्द गर्ने, गराउने रोजगारदातामाथि कारवाहीको लागि पहल गर्ने ।

१.३ राज्यको सबै निर्वाचित तथा नीति निर्माण गर्ने निकायमा कम्तीमा १० प्रतिशत श्रमिक प्रतिनिधित्वको व्यवस्था गराउन निरन्तर पहल गर्ने ।

१.४ ट्रेड युनियनहरुको रचनात्मक भूमिका बढाउनका लागि सबै उद्योग, प्रतिष्ठान तथा संघ-संस्थाहरुमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्व सुनिश्चित गर्न निरन्तर पहल गर्ने ।

१.५ संघीय संसद र प्रदेशसभामा Socio–Economic Council (सामाजिक आर्थिक परिषद) गठन गर्न आवश्यक पैरवी गर्ने ।

१.६ केन्द्र तथा प्रादेशिक तहमा द्विपक्षीय, त्रिपक्षीय र बहुपक्षीय सामाजिक संवाद संयन्त्रहरु गठन र ट्रेड युनियनको प्रतिनिधित्व सुनिश्चित गर्न निरन्तर पहल गर्ने ।

१.७ आईएलओ महासन्धि ८७, १०२, १८९, १९०, १५५ लगायत अन्य महत्वपूर्ण महासन्धिहरु अनुमोदनका लागि निरन्तर पैरवी गर्ने ।

१.८ असुरक्षित वैदेशिक रोजगारीलाई निरुत्साहन गर्न र स्वदेश मै रोजगार तथा स्वरोजगारको अवसरहरु सिर्जना गर्न सुलभ व्यावसायिक तथा

सीपमूलक तालिमहरुको लागि सरकार तथा सरोकारवालाहरुसँग पहल गर्ने ।

१.९ वैदेशिक रोजागारीलाई सुरक्षित तथा मर्यादित बनाउनका लागि सोसँग सम्बन्धित नीति तथा कार्यक्रमहरुको पुनरावलोकन र सम्बन्धित निकायहरुबाट उद्देश्य अनुरूपको कार्य भए नभएको निरीक्षण तथा अनुगमनका लागि जेटियुसीसीबाट आन्तरिकरूपमा वैदेशिक सेल बनाई परिचालन गर्ने ।

१.१० स्वदेश तथा विदेशमा रहेका श्रमिकहरुले कार्यस्थलबाटै मतदानको सुबिधाको व्यवस्थाको लागि पहल गर्ने ।

१.११ जलवायु परिवर्तन र कामको बदलिंदो स्वरूपले श्रम संसारमा निम्ताउन सक्ने चुनौतीलाई सम्बोधनका लागि सम्बन्धित निकायको ध्यानाकर्षण तथा सचेतनामूलक कार्यक्रम आयोजना गर्ने ।

१.१२ अधिकार सम्पन्न संवैधानिक राष्ट्रिय श्रम आयोग गठनका लागि राष्ट्रिय स्तरमा पहल र आवश्यक लबीङ गर्ने ।

१.१३ राष्ट्रिय स्तरमा उद्योग समूहको आधारमा सामूहिक सौदाबाजी प्रणाली निर्माणका लागि अवधारणा स्पष्ट गर्न अभियान सञ्चालन गर्ने ।

१.१४ श्रम कानुनमा व्यवस्था भएका तर पूर्ण कार्यान्वयनमा आउन नसकेका संरचनाहरु जस्तै, श्रम सम्बन्ध समिति, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समिति, श्रम समन्वय समिति र श्रम मध्यस्थता समिति गठनका लागि आवश्यक कार्यविधि बनाई पूर्णरूपले लागु गर्न आवश्यक दबाब सिर्जना गर्न निरन्तर पहल गर्ने ।

## २. आन्तरिक व्यवस्थापनसम्बन्धी विषयहरु

२.१ युवा तथा महिला श्रमिकको क्षमता अभिवृद्धिका लागि केन्द्र तथा प्रादेशिक तहमा कार्यक्रमहरु सञ्चालन गर्ने ।

२.२ जेटियुसीसी सम्बद्ध महासंघहरुको सदस्यता अभिलेखीकरण गर्ने ।

२.३ ८ मार्च, मे दिवस तथा श्रमसँग सम्बन्धित अन्य महत्वपूर्ण दिवसका अवसरमा विभिन्न रचनात्मक गतिविधि सञ्चालन गर्ने ।

२.४ जेटियुसीसीको दिगो विकासका लागि संस्थागत संरचनालाई प्रभावकारी र सुदृढ गर्ने ।

२.५ तेस्रो राष्ट्रिय श्रमिक महिला सम्मेलनको आयोजना गर्ने ।

२.६ पाँचौं राष्ट्रिय ट्रेड युनियन सम्मेलनको आयोजना गर्ने ।

२.७ जेटियुसीसी आबद्ध महासंघको आवश्यकता अनुरूप नेता तथा सदस्यहरुको दक्षता विकासका लागि कार्यक्रम सञ्चालन गर्ने ।

२.८ श्रम बजारमा ट्रेड युनियनहरुको शक्ति विकासका लागि सदस्यता वृद्धि गर्न आबद्ध महासंघहरुलाई अभिप्रेरित गर्ने ।

## ३. अभियानको रूपमा सञ्चालन गरिने विषयहरु

३.१ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन लगायतका सम्पूर्ण श्रम कानुनहरु कार्यान्वयनका लागि सम्बन्धित सरकार रोजगारदाता तथा सरोकारवाला निकायहरुसँग अन्तरक्रिया तथा संवाद सञ्चालन गर्ने र अटेर गर्ने उपर कारवाहीको प्रक्रिया अगाडि बढाउन प्रभावकारी अभियान सञ्चालन गर्ने ।

३.२ योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन निम्न कुरामा जोड दिइने छः

क) सामाजिक सुरक्षा कोषमा रोजगारदाता, श्रमिकको सूचीकरण र योगदान प्रक्रियालाई देशव्यापीरूपमा अभियान लैजाने ।

ख) योगदानमा आधारित सामाजिक सुरक्षामा सहभागी हुनेलाई पुरस्कार र नहुनेलाई निरुत्साहन गर्ने गरी कर कानुनमा परिमार्जन गर्ने र सबै प्रतिष्ठान दर्ता नवीकरणको प्रक्रियामा सामाजिक सुरक्षा कोषको आबद्धता अनिवार्य गर्न पहल गर्ने ।

ग) परम्परागतरूपमा रहेका सबै अनौपचारिक श्रम क्षेत्र र स्वरोजगार श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गर्न अभियान सञ्चालन गर्ने ।

३.३ श्रम अडिट अभियान सञ्चालन गर्ने ।

# चौथो श्रमसंसदद्वारा पारित विशेष प्रस्तावहरू

## १. योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी प्रस्ताव

क) सबैप्रकारको रोजगारीमा रहेका श्रमिकहरूको जीवनस्तर माथि उठाउन, अप्ठेरोमा परेका श्रमिकलाई सहयोग र संरक्षण प्रदान गर्न, नेपाल सरकारले गत वर्ष मंसीर ११ गतेबाट योगदानमा आधारित सामाजिक सुरक्षा योजना औपचारिकरूपमा लागु गरी रोजगारदाता र श्रमिकहरूको सूचीकरण गर्ने प्रक्रिया सुरु गरेको थियो । सुचीकरण प्रक्रिया सुरु भई हालको अवधिसम्ममा ११९०२ रोजगारदाता र १३५४४९ श्रमिकहरू सूचीकरण भएका छन् । योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा हालसम्म ३३ करोड ३५ लाख ११ हजार ९०४ रकम जम्मा भएको छ । हाल आएर केही व्यवसायीहरूको निहित स्वार्थपूर्तिका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजनाका सम्बन्धमा अनावश्यक विवाद र भ्रम सिर्जना गर्ने प्रयासप्रति संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र (जेटियुसीसी)को गम्भीररूपमा ध्यानाकर्षण भएको छ । तसर्थ, सूचीकरण प्रक्रियालाई प्रभावकारी बनाउन र सूचीकरण प्रक्रियामा आउन आनाकानी गर्ने अटेर गर्नेहरूलाई कानुनी दायरामा ल्याउन यो श्रम संसद बैठक माग गर्दछ ।

ख) योगदानमा आधारित समाजिक सुरक्षा योजना कार्यान्वयनको क्रममा श्रमिकहरूले प्रचलित कानुन तथा सामूहिक सौदाबाजी र सम्झौता मार्फत् प्राप्त गरेका सेवा सुविधाहरू कटौती नहुने श्रम ऐन २०७४ को व्यवस्थाको अपव्याख्या गरी भइरहेको प्रचारको खण्डन गर्दै सोमा थप स्पष्ट गर्ने प्रावधान राख्न र व्यावहारिक समस्याहरूको संबोधनका लागि विशेष पहल गर्न यो बैठक प्रतिबद्धता व्यक्त गर्दछ ।

ग) निजामती तथा सार्वजनिक क्षेत्रमा कार्यरत अस्थायी, ज्यालादारी र करार लगायतका श्रमिक तथा कर्मचारीहरूलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा अनिवार्य रूपमा सहभागी गर्न गराउन यो बैठक जोडदार माग गर्दछ । र, संघीय संसदमा विचाराधीन संघीय निजामती सेवा ऐनमा सो व्यवस्था समावेश गर्न विशेष पहल गर्ने गरिनेछ ।

घ) कार्यरत अवस्थामा विभिन्न कारणले रोजगारी गुमाएका श्रमिकहरूलाई जीवन निर्वाहका लागि प्रधान मन्त्री रोजगार कार्यक्रम मार्फत् संबोधन गर्न नेपाल सरकारसँग यो बैठक माग गर्दछ ।

ङ) योगदानमा आधारित सामाजिक सुरक्षा कोष अन्तर्गत राखिएको राष्ट्रिय श्रमिक कल्याणकारी कोषको रकम सामाजिक सुरक्षा कोष मार्फत श्रमिक तथा तीनका परिवारको हित हुने कार्य जस्तै : स्वास्थ्य उपचार लगायतमा परिचालन गर्न यो बैठक माग गर्दछ ।

च) सामाजिक सुरक्षा करको रूपमा श्रमिक तथा कर्मचारीहरूबाट उठाएको एक प्रतिशत रकम योगदानमा आधारित सामाजिक सुरक्षा ऐन अनुसार तत्काल सामाजिक सुरक्षा कोषलाई उपलब्ध गराउन नेपाल सरकारसँग यो बैठक माग गर्दछ ।

## २. ट्रेडयुनियन अधिकारसम्बन्धी प्रस्ताव

क. श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन जारी भएपछि नेपाली श्रम बजारलाई मर्यादित बनाउन कोसेढुँगा सावित हुने विश्वास सहित, अगाडि बढेको तथ्यलाई स्मरण गर्दै, उक्त ऐन, नियम अनुसार गरिएका अभ्यास र प्राप्त ज्ञानको आधारमा वर्तमान नेपाली श्रम बजारलाई नयाँ विधिमा रूपान्तरण गर्न आवश्यक छ । त्यसैले सामूहिक सौदाबाजी प्रणाली, आधिकारिक ट्रेड युनियनको निर्वाचन विधि तथा संरचनामा पुनरावलोकन गर्दै ट्रेड युनियन ऐन २०४९ अविलम्ब संशोधन गर्न यो बैठक माग गर्दछ ।

ख. संघीय निजामती सेवा ऐनमा श्रमिक अधिकार कटौती गर्ने, नयाँ कानुन बनाउने सन्दर्भमा सामूहिक सौदाबाजी र सम्झौता (सीबीए) लगाएतका अधिकार कटौती गर्ने प्रयास गर्ने, ट्रेड युनियन आन्दोलनलाई नकरात्मक असर पर्ने गरी संसदीय समितिको छलफलमा व्यक्त भएका अभिव्यक्तिप्रति जेटियुसीसीको गम्भीर ध्यानाकर्षण भएको छ। तसर्थ, ट्रेड युनियनहरूप्रति गलत टिका टिप्पणी तथा अभिव्यक्ति तत्काल बन्द गर्न खवरदारी गर्दै नेपालको संविधान २०७२, अनुमोदित आईएलओ महासन्धिहरू एवं अन्तर्राष्ट्रिय संझौताहरूको उल्लङ्घन हुनेगरी ट्रेड युनियन अधिकारमा कटौती हुन नदिनका लागि नेपाल सरकारलाई गम्भीर हुन यो बैठक माग गर्दछ।

## ३. श्रम ऐन, नियम कार्यान्वयनसम्बन्धी प्रस्ताव

क) बृहत आकारमा रहेको आवास कोष श्रम ऐन, नियमको व्यवस्था अनुसार प्रतिष्ठानमा श्रम सम्बन्ध समितिसँग छलफल गरी आवास व्यवस्थापनसम्बन्धी सबै श्रमिकहरूको हित हुने गरी प्रयोग गर्नु पर्नेमा कतिपय रोजगारदाताहरूले कोषको प्रयोग मनोमानी ढङ्गले गर्ने प्रवृत्ति बढ्दै गएको पाइएको छ। तसर्थ, यो बैठक आवास कोष रहेका सबै प्रतिष्ठानलाई आवासको व्यवस्था मिलाउन र सो प्रयोजनका लागि श्रम सम्बन्ध समिति मार्फत् कोषको परिचालन गर्न गराउन नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ।

ख) देशका विभिन्न उद्योग प्रतिष्ठानहरूबाट श्रम ऐन विपरीत अन्यायपूर्वक निष्काशन गरिएका श्रमिकहरूको पुनर्बाहाली र औपचारिक श्रमलाई अनौपचारिक श्रममा रूपान्तरण गर्ने कार्य अविलम्ब बन्द गर्न यो श्रम संसद बैठक माग गर्दछ।

## ४. संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र (जेटीयुसीसी)

क) श्रम बजारलाई सुदृढ तथा प्रभावकारी बनाउन नीति निर्माण तहमा श्रमिक वर्गको पहुँच हुन आवश्यक हुन्छ। त्यसका लागि नेपालको सबै ट्रेड यूनियन महासंघहरूले राज्यको सबै निर्वाचित र नीति निर्माण गर्ने निकायमा श्रमिकवर्गको १० प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था गर्न माग गर्दै आएका छौं। तर हालसम्मको सम्बन्धमा कानुनी व्यवस्था भएको छैन। त्यसैले, यो बैठक श्रमिकवर्गको १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गराउने कानुनी व्यवस्था गराउन जेटियुसीसीले सक्रिय तथा निरन्तर पहल गर्ने प्रतिबद्धता पुनः दोहऱ्याउँद छ।

ख) जेटियुसीसी आबद्ध सबै महासंघहरूको प्रचलित ट्रेड युनियन ऐन अनुसार आवधिक निर्वाचन, महाधिवेशन, अधिवेशन, सदस्यता प्रमाणीकरण गर्न यो बैठक प्रतिबद्धता व्यक्त गर्दछ।

५. विविध विषयसँग सम्बन्धित प्रस्ताव

क) नेपाली श्रम बजारलाई मर्यादित, सन्तुलित र श्रम विवादहरूको निरूपण छिटो छरितो बनाउनका लागि, राष्ट्रिय श्रम आयोग गठन तथा समावेशी आयोग लगायतका संवैधानिक आयोगहरूमा श्रमिक प्रतिनिधित्वको व्यवस्था गर्न यो श्रम संसद बैठक जोडदार माग गर्दछ।

ख) दिगो विकास लक्ष्य (SDG) विशेषतः सबैलाई रोजगारी सिर्जना गर्ने र मर्यादित कामको लक्ष्य हासिल गर्न सम्बद्ध पक्षसँग सहकार्य तथा दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित संयन्त्रहरूमा ट्रेड युनियनको प्रतिनिधित्वको व्यवस्था गर्न यो बैठक माग गर्दछ।

# संयुक्त ट्रेड युनियन समन्वय केन्द्र- जेटियुसीसी (JTUCC) को चौथो श्रम संसदद्वारा पारित सांगठनिक प्रतिवेदन

## प्रस्ताव नं. १ : विगतका कामको संक्षिप्त जानकारी

### विषय प्रवेश

विगतको धेरै लामो र कठिन वर्गसंघर्ष तथा राजनीतिक संघर्षका विभिन्न चरणहरूमा ट्रेड यूनियन आन्दोलनले ७३ वर्ष पार गरेको छ। निरङ्कुशतन्त्रको दमनकारी पञ्चायतीकालमा पनि हामीले आफ्नो संघर्ष कहिल्यै सुस्त हुन दिएनौं। त्यो जनविरोधी शासनतन्त्रलाई धराशायी पार्न नेपालको ट्रेड यूनियन आन्दोलनको योगदान महत्वपूर्ण रह्यो। २००३ सालको विराटनगरको ऐतिहासिक मजदुर आन्दोलनबाट प्रारम्भ भएको यात्राको क्रममा श्रमिकहरूले ट्याक्टरलाई ट्याङ्कमा परिणत गरी २००७ सालको राजनीतिक संघर्षलाई सफलताको शिखरमा पुऱ्याउन योगदान दिए।

पञ्चायती तानाशाही र निरङ्कुश राजतन्त्रको बीचमा नै भूमिगतरूपमा दोस्रो पुस्ताको ट्रेड युनियन आन्दोलनको जन्म भएको थियो। यही पुस्ताले नै निरङ्कुश पञ्चायतको अन्त्यसँगै देशव्यापी बिस्तार गर्दै वैधानिक आन्दोलनको पाटोमा युनियन आन्दोलनलाई अगाडि बढाएको थियो। श्रमिक वर्गका हक, हित, अधिकार र कल्याणका एजेण्डाहरूमा अनेक उपलब्धिहरू प्राप्त भए पनि हामी थकाइ मार्नतिर अल्मलिएनौं। २०६२/६३ सालको गणतन्त्र प्राप्तिको युगान्तकारी आन्दोलनमा हाम्रो व्यापक र निर्णायक भूमिका रह्यो। दश वर्षे जनयुद्धका रूपमा वा वैधानिकरूपमा दोस्रो जनआन्दोलनको सफलता पश्चात् ट्रेड युनियन आन्दोलनले खेलेको भूमिकाप्रति हामी गर्व गर्दछौं र सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं।

२०६५ कार्तिक १०-११ गते काठमाडौंमा सम्पन्न प्रथम राष्ट्रिय ट्रेड युनियन सम्मेलनबाट विधिवतरूपमा जन्मिएको जेटियुसीसी विगत १२ वर्षदेखि आफ्नो लक्ष्य यात्रामा निरन्तर अगाडि बढिरहेको छ। २०६४ साउन २२ गते न्यूनतम साझा श्रमिक एजेण्डासम्बन्धी संयुक्त सहमतिपत्रमा हस्ताक्षर गरेर २२ बुँदे सहमतिपत्र जारी गरी संयुक्त ट्रेड युनियनको अवधारणाको सूत्रपात भयो। उक्त सहमतिपत्रमा मुलुकका प्रमुख सात ट्रेड युनियन संगठनहरूले निर्वाध संगठन स्वतन्त्रता, मानव अधिकार र आईएलओका अभिसन्धिहरूको प्रत्याभूति र कार्यान्वयनका लागि प्रयासरत रहने, सबै क्षेत्रमा उचित न्यूनतम ज्याला घोषणा र कार्यान्वयन सुनिश्चित गर्ने, औपचारिक तथा अनौपचारिक क्षेत्रमा योगदानमा आधारित सामाजिक सुरक्षा र सामाजिक संरक्षणलाई मौलिक हकका रूपमा व्यवस्था गर्न प्रतिबद्ध रहने सहमति गरेको थियो।

केन्द्रको दोस्रो ट्रेड युनियन सम्मेलन २०६८ ले अनुमोदन गरेको कार्यनीतिअनुसार कानुनीरूपमा दर्ता भएका सबै राष्ट्रियस्तरका महासंघहरू यसमा आबद्ध भएका छन्। जेटियुसीसी सञ्चालनका लागि २०६८ साल कात्तिक ६ गते आचारसंहिता निर्माण गरी लागु गरियो। २०७१ मा सम्पन्न तेस्रो राष्ट्रिय श्रमिक सम्मेलनले त्यही आचारसंहितालाई विधानमा परिणत गरी जेटियुसीसीको विधान पारित गऱ्यो। सोही विधान अनुरूप श्रम संसद (लेबोर पार्लियामेन्ट) को व्यवस्था गरियो र नयाँ नतेृत्व सहित मूल समिति चयन गरियो।

श्रमिकका मुद्दामा साझा दृष्टिकोण निर्माण गर्दै अगाडि बढ्ने सिलसिलामा नै हामी यस ठाउँमा उभिएका छौं। श्रम ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन तथा नियमावली, योगदानमा आधारित सामाजिक सुरक्षा योजना, न्यूनतम पारिश्रमिक निर्धारणमा हाम्रो एकीकृत भूमिकाकै फलस्वरूप महत्वपूर्ण उपलब्धिहरू हासिल गर्न सकेका छौं। यस अवसरमा जेटियुसीसीको स्थापना र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने अग्रजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

स्मरणीय छ, हामी भिन्न भिन्न परिस्थिति र परिवेशमा स्थापना भयौँ । हामीहरूको काम गर्ने तरिकाहरू आ-आफ्नै छन् । संगठनको ढाँचा र स्वरूप भिन्न भिन्न थियो र छ, तर उद्देश्य एउटै छ । हामीले विभाजित अवस्थामा रहेका श्रम शक्तिलाई एकताबद्ध बनाई श्रमिकको हित, मर्यादित रोजगारीको प्रत्याभूति सहित समृद्ध राष्ट्र निर्माणमा अगाडि बढ्ने प्रण गरेका छौँ । 'विविधतामा एकता' को नारा सहित हामीले सहकार्यको यात्रा प्रारम्भ गरेको एक दशक पूरा भएको छ । यही सहकार्यको प्रकाशमा, हामीले थुप्रै साझा मुद्दा उठाएका थियौँ र ती मुद्दाहरूलाई लागु गर्न समेत सफल भएका छौँ ।

तेस्रो श्रम संसददेखिको यो एक वर्षमा मुख्यतः योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई केन्द्रबिन्दुमा राखेर कार्यक्रमहरू सञ्चालन गर्यौं । यस वर्ष विशेष कार्यक्रमहरू जस्तै; सबै महासंघहरूले एकै ठाउँबाट ऐतिहासिक श्रमिक दिवस "सबै श्रमिक र रोजगारदातामा आह्वान, योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकरण हाम्रो अभियान" भन्ने मूल नाराका साथ सम्पन्न गरियो । सातवटै प्रदेशमा जेटियुसीसी समन्वय समिति निर्माण, श्रमिक विरोधी ऐन, नियमहरूमा अन्तरक्रिया गरी ज्ञापनपत्र पेस, सातै प्रदेशमा सरोकारवालाहरूसँग योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकरणका लागि लबीङ तथा पैरवी सम्पन्न गरियो । महिला नेतृत्वलाई सवल र अझ प्रभावकारी बनाउन सातवटै प्रदेशका महिला प्रतिनिधिहरूलाई प्रशिक्षक प्रशिक्षण तालिम (टीओटी) सञ्चालन समेत गरियो ।

संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र (जेटियुसीसी) को विधान २०७१ को दफा ७ बमोजिम प्रत्येक डिसेम्बरमा हुने श्रम सम्मेलनमा जेटीयुसीसीले सो वर्षमा गरेका क्रियाकलाप र भावी क्रियाकलापहरूमा छलफल गरी कार्यदिशा तय गर्ने गरिएको छ । तेस्रो श्रम संसद (पुष १३, २०७५) सम्पन्न भए यता १ वर्षमा सम्मेलनले तय गरेका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था, उपलब्धिहरू तथा आगामी नीति तथा कार्यक्रमहरू यहाँहरू समक्ष छलफलका लागि प्रस्तुत गरिएको छ ।

जेटियुसीसीका हरेक गतिविधिहरू सञ्चालन गर्दा आवश्यकता अनुसार बैठक बसी निर्णय गरिने गरिएको छ । यसै क्रममा यस वर्ष मूल समिति बैठक चार पटक, प्रसेडियम बैठक नौ पटक, सचिवालय बैठक दुई पटक, महिला समिति बैठक तीन पटक, कानुन समिति बैठक तीन पटक र कार्यालय बैठकहरू बसी राष्ट्रिय तथा प्रदेश स्तरमा ३१ वटा मुख्य कार्यक्रम सम्पन्न गरियो । आईएलसी लगायत पाँच वटा अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता गरियो साथै राष्ट्रिय स्तरका निमन्त्रणामा ५६ वटा कार्यक्रममा करिव २०० जनाको सहभागिता रह्यो ।

## क. सम्पन्न कार्यक्रमहरू

### १. अन्तरक्रिया तथा कार्याशाला गोष्ठी

श्रम सम्बन्धी विषयहरूमा सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया गरी श्रम क्षेत्रलाई मर्यादित र व्यवस्थित बनाउने प्रयास गरिरहेका छौँ । खासगरी नीतिगत विषयहरूमा यस वर्ष राष्ट्रिय स्तरका निम्नानुसार कार्यक्रम सञ्चालन गरियो ।

#### १.१) बोनस ऐन संशोधन

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७५ अन्तर्गतको बोनस ऐन संशोधनको लागि सरकारले २०७६ पुस ९ गते संसद सचिवालयमा दर्ता गराएको ऐनको संशोधन प्रस्ताव संसदमा टेबुल भएको सम्बन्धमा जेटियुसीसीको असहमति सहित केही संशोधन रहेकोले सो सम्बन्धमा माननीयज्यूहरू, रोजगारदाता महासंघ, रोजगारदाता परिषद तथा सरोकारवाला गरी करिव ६० जनाको सहभागितामा अन्तरक्रिया कार्यक्रम २०७५ पौष १८ गते सम्पन्न गरियो । सो कार्यक्रमपछि माननीयहरूलाई संशोधन पेस गर्न अनुरोध गरियो । जेटियुसीसीले प्रस्ताव गरेको संशोधन प्रस्ताव अनुसार नै सरकारले सो विधेयकमा संशोधन गरी पास गरेको छ ।

#### १.२) रोजगारदाताहरूसाग परिचयात्मक अन्तरक्रिया

जेटियुसीसीको नयाँ नेतृत्व र एफएनसीसीआई बीच मिति २०७५ माघ ६ गते जेटियुसीसी मूल समिति र एफएनसीसीआई प्रतिनिधिहरू बीच परिचयात्मक

अन्तरक्रिया कार्यक्रम चन्द्रागिरी हिल्समा सम्पन्न गरियो । सो परिचयात्मक कार्यक्रममा श्रम र रोजगारीका विषयमा छलफल गरियो, जसले रोजगारदाता र ट्रेड युनियन बीचको आपसी सद्भाव बढाउन सहयोग पुग्नुका साथै श्रम सम्बन्धी विषयहरूलाई सहज वातावरणमा छलफलमा ल्याउन मद्दत गरेको छ ।

### १.३) कार्यस्थलमा हुने यौनजन्य हिंसा अन्त्यका लागि ट्रेड युनियनको भूमिका विषयक अन्तरक्रिया

"कार्यस्थलमा हुने यौनजन्य हिंसा अन्त्यका लागि ट्रेड युनियनको भूमिका" विषयक अन्तर्क्रिया कार्यक्रम २०७५ फागुन २१ गते सम्पन्न गरियो । सो कार्यक्रममा ILO Convention and Recommendation on "Violence and harassment against women and men in the world of work" को ड्राफ्टमा छलफल गर्दै लैङ्गिक पक्ष, लैङ्गिक तथा कार्यस्थलको अन्तरनिहित तहमा केन्द्रित भई सुझाव दिन, लैङ्गिक तथा कार्यस्थलमा हुने दुर्व्यवहारको विरुद्ध सांगठनिक एकता, महिला पुरुषमा सम बुझाइ, युवा महिलाहरूको कार्यस्थलको जोखिम, अनौपचारिक कार्यस्थल, राष्ट्रिय, अन्तर्राष्ट्रिय, क्षेत्रीय लगायत सबै तहका सामूहिक सौदाबाजी वा अन्य सबै विषयमा लैङ्गिक समानता तथा कार्यस्थलको यौनजन्य हिंसालाई न्यूनीकरण गर्ने उपायमा महत्व दिने तथा सामूहिकता वृद्धि गर्ने गरी कार्य गर्ने निष्कर्ष निकालियो ।

करिव २०० जना ट्रेड युनियन नेतृत्व सहभागी रहेको सो कार्यक्रममा प्रस्तुत कार्यपत्रमा आएका राय सुझावहरूलाई समेत समावेश गरी जुन २०१९ मा हुने आईएलसीमा प्रस्तुत हुने ILO Convention and Recommendation on "Violence and harassment against women and men in the world of work" सम्बन्धमा नेपाली ट्रेड युनियनको धारणा समेत समावेश गरी कन्भेन्सन पास गर्न नेपाल सरकार र सरोकारवालासँग लबिङ गर्ने लक्ष्यका साथ सो कार्यक्रम सम्पन्न गरियो ।

### १.४) SDG को बुँदा ८ अन्तर्गतको मर्यादित कामको एजेण्डामा छलफल

दिगो विकास लक्ष्यको (सस्टेनेबल डेभलपमेन्ट गोल, एसडीजी'एस) बुँदा ८ अन्तर्गतको मर्यादित कामको एजेण्डा सम्बन्धमा गरिएको एक अध्ययनमा २०७५ चैत्र १ गते काठमाडौंमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा अनुसन्धानकर्ता डा. जीवन बानियाले अध्ययन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो र एफएनसीसीआई, नेपाल सरकार, पत्रकार, सांसद तथा ट्रेड युनियनका प्रतिनिधिहरूले सो अध्ययनमाथि आफ्नो राय तथा सुझाव व्यक्त गर्नुभएको थियो । मर्यादित कामको एजेण्डामा हाम्रो स्थान र अब मर्यादित कामलाई स्थापित गर्न सरकारको नीति, कार्यक्रम तथा भूमिका सम्बन्धमा गहन छलफल भएको थियो । मर्यादित कामले उत्पादकत्व वृद्धि मात्र नभई श्रम सम्बन्ध र देश विकासमा समेत टेवा पुर्‍याउनुका साथै लाखौं विदेशिएका युवाहरूलाई नेपालमा नै भविष्य देखाउन सकिने र यसका लागि सरकार, रोजगारदाता, ट्रेड युनियन र सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्यको महत्वपूर्ण भूमिका बारेमा छलफल गरियो ।

### १.५) जेटियुसीसी र माइग्रेसन नेटवर्क बीच परिचयात्मक छलफल

२०७५ चैत्र १५ गते प्रवाशी कामदारहरूको हक अधिकार र सुरक्षाको विषयमा काम गर्ने नेपालका संस्थाहरूको छाता महासंघ माइग्रेसन नेटवर्कका एक्जुकेटिभ बोर्ड र जेटियुसीसी बीच परिचयात्मक छलफल कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा माइग्रेसन नेटवर्कका अध्यक्ष कुलप्रसाद कार्कीले सो संस्थाका क्रियाकलापहरुबारे बताउनुभएको थियो । जेटियुसीसीका अध्यक्ष विनोद श्रेष्ठले प्रवासी कामदार हरूको विषयमा ट्रेड युनियनहरूले खेलेका भूमिकाबारेमा चर्चा गर्नुभएको थियो । कार्यक्रममा माइग्रेसन नेटवर्क र जेटियुसीसी बीच प्रवासी कामदारहरूको विषयमा गर्न सकिने सहकार्य गर्न एमओयु निर्माण गर्ने र दुबै संस्थाको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने विषयमा छलफल गरियो ।

### १.६) प्रदेश स्तरीय रोजगारदाता महासंघका प्रतिनिधिहरूसाग अन्तरक्रिया

पाँचवटै प्रदेशमा प्रदेश स्तरीय रोजगारदाता महासंघका प्रतिनिधिहरू प्रदेशका सम्बन्धित मन्त्रीलगायतलाई भेटी आफ्नो धारणा राख्नुका साथै त्रिपक्षीय सहमतिमा आएको

ऐन कानुन, योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयनका लागि आ-आफ्नो स्तरबाट कदम चाल्न आग्रह गरियो । सूचीकरण र योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको बारेमा रोजगारदाताका संघका प्रतिनिधिहरूको बुझाइमा केही अन्यौल रहेकोमा त्यसप्रति जेटियुसीसीका तर्फबाट प्रस्ट पार्ने काम भयो ।

### १.७) जेटियुसीसी संस्थागत योजना कार्यशाला गोष्ठी

क) जेटियुसीसीको स्थापना कालदेखि हालसम्मको क्रियाकलापको बारेमा छलफल गर्दै आगामी योजना तयारीका लागि ४ र ५ अप्रिल २०१९ मा कार्यशाला गोष्ठी धुलिखेलमा सम्पन्न गरियो । जेटियुसीसी मूल समितिको सहभागितामा स्रोत व्यक्ति शरण केसीले प्रस्तुति गर्नु भएको र एफएनभीका प्रभु राजेन्द्रनले सहजीकरण गर्नु भएको थियो । कार्यक्रममा समूह विभाजन गरी विविध विषयमा छलफल गरिएको थियो । कार्यक्रममा जेटियुसीसी स्थापना कालदेखि भए गरेका गतिविधि तथा सिकाइहरूको समीक्षा, डच रिसर्चरले गरेको जेटियुसीसीको संस्थागत अध्ययनको प्रतिवेदन सार्वजनीकरण तथा छलफल, जेटियुसीसी को दश वर्षे क्रियाकलापको उपलब्धि तथा चुनौतीका बारेमा समीक्षा गर्नुका साथै बदलिदो परिस्थितिमा जेटियुसीसीको अबको भूमिका र नीति तथा कार्यक्रमको बारेमा छलफल गरिएको थियो ।

ख) **धुलिखेलमा सम्पन्न कार्यशाला गोष्ठीको निरन्तरता :** २०७६ मंसिर १ गते काठमाडौंमा धुलिखेल छलफलका बुँदाहरूमा जेटियुसीसी मूल समिति सदस्य बीच पुनः छलफल गरियो । श्रावण २३ पछि मंसिर १ सम्म कार्यशाला गोष्ठीपछिका जेटियुसीसीको गतिविधिहरू र उपलब्धिहरूमाथि छलफल गरियो । कार्यक्रममा जेटियुसीसीको संस्थागत विकासको लागि सदस्यता वृद्धि मुख्य रहेको र त्यसका लागि हरेक युनियनले सशक्त ढंगले संगठन बिस्तारमा जोड दिनुपर्ने, युनियनहरूको क्षमता अभिवृद्धि गर्ने लगायत बदलिदो परिस्थितिमा जेटियुसीसीको आगामी कार्ययोजनाको बारेमा छलफल गरिएको थियो । साथै २०७६ मंसिर ११ गते योगदानमा आधारित सामाजिक सुरक्षा दिवस मनाउने सम्बन्धमा राष्ट्रिय तथा प्रादेशिक स्तरमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको संयुक्त ब्यानरमा योगदानमा आधारित सामाजिक सुरक्षा योजना दिवस मनाउने, २०७६ मंसिर ११ गते भृकुटीमण्डपमा आयोजना हुने योगदानमा आधारित सामाजिक सुरक्षा दिवस कार्यक्रममा जेटियुसीसी आबद्ध महासंघहरूले बृहत सदस्यहरूलाई सहभागिता गराउने । साथै सो कार्यक्रमको व्यवस्थापकीय जिम्मेवारी जेटियुसीसीले लिने । जेटियुसीसी प्रदेश संरचनालाई कार्यक्रम आयोजना गर्न १० देखि १५ हजार आर्थिक सहयोग गर्ने लगायतका निर्णय समेत गरियो ।

### १.८) प्रदेशस्तरमा श्रम सम्बन्धित नीतिगत विषयमा अन्तरक्रिया कार्यक्रम

प्रदेशस्तरमा श्रम सम्बन्धित नीतिगत विषयमा प्रदेश नं. १ को विराटनगरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । २०७६ मंसिर २८ गते प्रदेश सांसदहरूसँग भएको अन्तरक्रियामा जेटियुसीसी प्रदेश समन्वय समितिका सदस्यहरू तथा १३ जना सांसदहरूको सहभागिता थियो । केन्द्रबाट जेटियुसीसीका अध्यक्ष, महासचिव र एनटीयुएफका का.वा. अध्यक्षको सहभागिता रहेको थियो । कार्यक्रममा १ नं. प्रदेशका सामाजिक विकास मन्त्री जीवन घिमिरेले प्रदेश सरकारले बनाउने श्रम ऐनको मस्यौदा तयारी भइरहेको र यो श्रमिकमैत्री हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यस्तै मिति २०७६ मंसिर ३० गते प्रदेश नं. ५ को बुटवलमा सांसदहरूसँग अन्तरक्रिया सम्पन्न गरियो । प्रदेशमा बन्ने श्रम सरोकारित ऐन कानुनहरू, तथा ती कानुन बनाउँदा ट्रेड युनियनको प्रतिनिधित्व, नयाँ श्रम ऐन तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन लागु गर्न पहल, प्रदेशस्तरीय श्रम सल्लाहकार समिति लगायतका त्रिपक्षीय सामाजिक संवाद संयन्त्रमा जोड र ट्रेड युनियनको प्रतिनिधित्व लगायतका विषयमा छलफल गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि सामाजिक विकास मन्त्री सुदर्शन बराल तथा सांसदहरूले श्रममैत्री कानुन लगायत श्रमिकका विषयहरूमा सांसदहरूले सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

### १.९) जेटियुसीसी महिला समितिको भावी नीति सम्बन्धमा अन्तरक्रिया

जेटियुसीसी महिला समितिले गरेका उपलब्धिहरूको समीक्षा गर्दै भावी नीति तयारीका लागि काठमाडौंमा मिति २०७६ पौष १ गते जेटियुसीसी महिला समिति संयोजक सुधा दाहालको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । जेटियुसीसी आबद्ध महासंघका अग्रज नेतृत्वको सहभागिता रहेको सो कार्यक्रममा प्रमुख अतिथि जेटियुसीसीका अध्यक्ष विनोद श्रेष्ठले कार्यक्रमको विषयमा प्रकाश पार्नुभयो भने माननीय बिन्दा पाण्डेले नेपालको महिला ट्रेड युनियन आन्दोलनको समीक्षा र आगामी कार्यदिशा सम्बन्धमा प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा अग्रज नेतृत्वले जेटियुसीसी महिला समितिको आगामी पाँच वर्षे नीति र कार्यक्रमको बारेमा सुझाब दिनुभएको थियो ।

## २. ज्ञापनपत्र पेस

**२.१)** २०७५ फागुन २३ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रि माननीय गोकर्ण बिष्टज्यू समक्ष वर्तमान समयमा श्रमिकहरूका माग र आवश्यकताबारेमा १० बुँदे ज्ञापनपत्र पेस गरियो । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रि माननीय गोकर्ण बिष्टज्यूले जेटियुसीसीले पेस गरेको ज्ञापनपत्रले आफ्नो ध्यानाकर्षण भएको र सो पूरा गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले प्रदेश तथा स्थानीय स्तरमा पनि ट्रेड युनियनहरूले श्रमिकका विषयहरू उठानको लागि पहल गर्न समेत सुझाब दिनुभयो । ज्ञापनपत्र पेस गरे पश्चात् यसको गाम्भीर्यतालाई मनन गर्दै सरकारले एफएनसीसीआई, जेटियुसीसी तथा आइएलओका प्रतिनिधिहरू बीच सामाजिक सुरक्षा कोषले प्रारम्भ गरेको योगदानमा आधारित सामाजिक सुरक्षा योजना (Social Security Scheme) हरूको कार्यान्वयनको सम्बन्धमा उठेका सवालहरूमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न गर्यो ।

**२.२)** २०७६ आषाढ २३ मा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापतिलाई औद्योगिक व्यवसाय विधेयक २०७५ मा संशोधन सम्बन्धमा ज्ञापनपत्र पेस गरियो ।

**२.३)** २०७६ आषाढ २३ मा राज्य व्यवस्था तथा सुशासन समिति, संघिय प्रतिनिधिसभा सिंहदरवार काठमाडौंमा संघिय निजामति सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका केही दफाहरूमा भएको व्यवस्थाले यस केन्द्रको गम्भीर ध्यानाकर्षण भएकोले सो सम्बन्धमा यस सम्मानित समिति र सभापतिज्यू मार्फत् आवश्यक पहल गरी संविधानसँग बाझिएका उल्लेखित विधेयकका दफाहरूलाई संविधान अनुकूल बनाउन ज्ञापनपत्र पेस गरियो ।

## ३. तालिम तथा प्रशिक्षण

### ३.१) SDG को बुँदा ८ अन्तर्गतको मर्यादित कामको एजेण्डामा अभिमुखीकरण प्रशिक्षण

२०७५ चैत्र १५ गते मर्यादित काम सम्बन्धमा ट्रेड युनियन युवा/महिला नेता तथा घटकका उच्च स्थरीय नेतृत्वलाई अभिमुखीकरण प्रशिक्षण प्रदान गरियो । सो कार्यक्रममा डा. जीवन बानियाले दिगो विकास लक्ष्य अन्तर्गत मर्यादित काम र यसको महत्व बारेमा प्रस्तुति गर्नु भएको थियो । दिगो विकास लक्ष्यमा मर्यादित कामलाई प्राथमिकतामा राखेर लक्ष्य ८ मा राख्नुको औचित्य र आवश्यकता बारेमा समेत छलफल भएको थियो । मर्यादित कामको लागि अपनाउनु पर्ने विषयवस्तु र यसबाट हुने उपलब्धिहरू र कार्यान्वयनमा आउने चुनौती बारेमा सहभागीको धारणासहित राखिएको थियो । कार्यक्रममा मर्यादित कामको लक्ष्य प्राप्ति गर्न ट्रेड युनियनहरूले स्थानीय तहसम्म जनचेतनामूलक शैक्षिक कार्यक्रम लानुपर्ने साथै सरोकारवालासँग लबिङ तथा वकालत गर्नुपर्ने कुरामा जोड दिइएको थियो ।

### ३.२) प्रदेश स्तरीय महिला प्रशिक्षक प्रशिक्षण तालिम (टीओटी)

देशको बदलिदो परिस्थितिमा विद्यमान संरचना अनुसार जेटियुसीसीलाई लैजान प्रदेश स्तरीय जेटियुसीसी समितिहरू निर्माण भएका छन् । यसै सन्दर्भमा प्रदेश स्तरका महिला गतिविधि तथा तालिमहरू सञ्चालन गर्नका निम्ति काठमाडौँमा दुई दिने महिला प्रशिक्षक प्रशिक्षण तालिम मिति २०७६ आषाढ २७ र २८ मा सम्पन्न गरियो । सो तालिम जेटियुसीसी महिला समितिले आयोजना गरेको थियो भने कार्यक्रममा पाँच प्रदेशबाट ३१ जना महिलाहरूको सहभागिता भएको थियो ।

दुई दिनको प्रशिक्षण पछि प्रशिक्षित प्रशिक्षकहरूले प्रदेशस्तरमा गर्नुपर्ने कार्यक्रमको बारेमा प्रत्येक प्रदेशको समूहगतरूपमा योजना निर्माण गरिएको थियो । प्रदेश स्तरमा हुने तालिम तथा गतिविधिहरू सञ्चालनमा आ-आफ्नो राय तथा जिम्मेवारी प्रस्तुत गरिएको थियो । प्रशिक्षित सहभागीहरूले उत्साहका साथ कार्यक्रममा भाग लिनुका साथै कार्यक्रम धेरै प्रभावकारी रहेको र यो सिकाइलाई प्रदेशस्तरसम्म पुराउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा सम्पूर्ण सहभागीहरूलाई आगामी जिम्मेवारीका लागि शुभकामना व्यक्त गर्दै धन्यवादपत्र प्रदान गरी कार्यक्रम समापन गरियो ।

### ३.३) प्रदेश स्तरीय महिला प्रशिक्षण

काठमाडौँमा मिति २०७६ आषाढ २७–२८ मा सम्पन्न प्रदेश स्तरीय महिला प्रशिक्षक प्रशिक्षण तालिम पछि तालिम प्राप्त महिला प्रशिक्षकहरुले प्रदेश १, २ र ५ मा प्रदेश स्तरीय महिला प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा योगदानमा आधारित सामाजिक सुरक्षा योजना, श्रम ऐन, ट्रेड युनियन इतिहास र जेटियुसीसीका बारेमा जेटियुसीसी आबद्ध महासंघहरूका प्रत्येक प्रदेशका करिव ३०–५० जना महिला सहभागीहरूलाई प्रशिक्षण गरियो । कार्यक्रम मिति २०७६ श्रावण ६ गते प्रदेश १ को झापा बिर्तामोड, श्रावण ९ मा प्रदेश २, सिमरा र श्रावण ११ मा प्रदेश ५ को नेपालगञ्जमा आयोजना गरिएको थियो । तीन वटै प्रदेशको कार्यक्रम व्यवस्थापन सम्बन्धित जेटियुसीसी प्रदेश समितिले गरेको थियो ।

### ३.४) ट्रेड युनियन महासंघहरूको सदस्यता अभिलेख व्यवस्थापन प्रणाली सम्बन्धमा तालिम

मिति २०७६ श्रावण २२ र २३ गते जेटियुसीसी आबद्ध महासंघहरूबाट तीन/तीन जना सम्बन्धित प्रतिनिधिहरू सहभागी गराई अभिलेख व्यवस्थापन तालिम सम्पन्न गरियो । कार्यक्रमको पहिलो चरणमा उद्घाटन सत्र गरिएको थियो । उद्घाटनमा सबै महासंघका अध्यक्षहरूलाई आमन्त्रण गरिएको थियो । उद्घाटनमा अध्यक्षहरूले शुभकामना मन्तव्य राख्दै सदस्यता अभिलेखीकरण प्रणाली वर्तमान समयको आवश्यकता रहेको र सबै महासंघहरू अभिलेखीकरण प्रणालीमा जाने प्रतिबद्धता समेत व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा स्रोत व्यक्तिहरूले प्रस्तुति तथा प्रयोगात्मक विधि अपनाई तालिम सञ्चालन गर्नुभएको थियो । तालिममा मेम्बर इन्ट्री सफ्टवेयर के हो, यसको आवश्यकता र उपलब्धिका बारेमा प्रकाश पारिएको थियो । सदस्यता इन्ट्री गर्ने प्रक्रिया सिकाइएको थियो । सबै महासंघहरूलाई छुट्टाछुट्टै पासवर्ड र आडमिन प्रदान गरी सदस्यता इन्ट्री गर्न लगाइएको थियो । सम्पूर्ण सहभागीहरू मेम्बर इन्ट्री गरी सदस्यता परिचयपत्र प्रिन्ट गर्न सफल भएपछि महासंघहरूले **सदस्यता अभिलेख व्यवस्थापन प्रणाली** मार्फत् अभिलेखीकरण गर्ने प्रतिबद्धता सहित कार्यक्रम सम्पन्न गरियो ।

### ३.५) ट्रेड युनियन आन्दोलनमा युवा सहभागिता विषयक प्रशिक्षण कार्यक्रम

नेपालको ट्रेड युनियन आन्दोलनमा युवाहरूको सहभागिता उत्साहजनक बनाउनु आजको आवश्यकतालाई मध्यनजर गर्दै संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको आयोजनामा ट्रेड युनियन आन्दोलनमा युवा विषयक प्रशिक्षण कार्यक्रम २०७६ भाद्र १२ गते सम्पन्न भयो । सबै महासंघबाट युवा प्रतिनिधिहरूलाई सहभागी गराई नेपालको ट्रेड युनियन आन्दोलन र यसको आवश्यकता विषयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको सो कार्यक्रममा नेपालको ट्रेड युनियनको सुरुवाती अवस्था, आन्दोलन र उपलब्धिका साथसाथै अबको चुनौती र भावी कार्यक्रमको बारेमा छलफल गरिएको थियो । प्रत्येक महासंघका प्रतिनिधिहरूले आ-आफ्नो महासंघको युवा नीति र आगामी योजनाको बारेमा बताउनु भएको

थियो । ट्रेड युनियन आन्दोलनलाई सफल बनाउन प्रत्येक महासंघहरूले युवाहरूलाई आकर्शित गर्ने र नीतिगत विषय र श्रममैत्री क्रियाकलापको लबीङ तथा पैरवी संयुक्तरूपमा जेटियुसीसीबाट गर्नुपर्ने र जेटियुसीसी युवा समिति बनाउन राय व्यक्त गरिएको थियो ।

### ३.६) वार्ता (Negotiation Mechanism) क्षमता अभिवृद्धि तालिम

देशको वर्तमान संरचना र हालको परिस्थिति अनुसार श्रमिक र रोजगारदाता बीच गरिने सौदाबाजी अब नयाँ स्वरूपमा गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै काठमाडौँमा मिति २०७६ मंसिर ९ गते जेटियुसीसी आबद्ध महासंघका प्रतिनिधिहरूलाई तालिम सञ्चालन गरियो । सौदाबाजीका तरिकाहरू, यसका प्रभाव र असर बारेमा सहभागीलाई जानकारी गराउनुका साथै समूहगत छलफल समेत गरियो ।

सो कार्यक्रममा अध्यक्ष विनोद श्रेष्ठले तालिमको बारेमा प्रकाश पार्नुभएको थियो भने महासचिव पल्टन ठाकुरले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । स्रोत व्यक्ति विदुर कार्कीले सौदाबाजीका विभिन्न तरिकाबारे प्रकाश पार्दै हालको संरचना र बदलिदो परिस्थिति अनुसार सदुपयोगी सौदाबाजीका बारेमा छलफल गर्नुभएको थियो ।

## ४. शुभकामना आदान प्रदान कार्यक्रम

४.१) अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा २०७५ फागुन २४ गते शुभकामना आदान प्रदान तथा ट्रेड युनियन अग्रज महिला नेतृत्वलाई सम्मान कार्यक्रम काठमाडौँमा सम्पन्न गरियो । करिव १५० जना ट्रेड युनियन नेतृत्व सहभागिता रहेको सो कार्यक्रममा महिला आन्दोलनमा ट्रेड युनियनले र अग्रज नेतृत्वहरूले खेलेको भूमिका र योगदानको स्मरण गर्दै ट्रेड युनियन आन्दोलनमा सक्रिय भूमिका निभाउनु हुने अग्रज महिला नेतृत्वहरू माननीय विन्दा पाण्डे, माननीय बिना श्रेष्ठ , माननीय सुजिता शाक्य, माननीय उदया शर्मा, माननीय पूर्णा जोशी, श्री पेम्बा लामा, माननीय मिना गुरुङ, माननीय सिता लामा, माननीय ललितकला गुरुङ, माननीय लाल कुमारी पुन, श्री रमा पौडेल, श्री रिता खनाल, श्री गोमा तिमल्सिना, श्री गिता गुरुङ र श्री निशा श्रेष्ठलाई सम्मान स्वरूप मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रमका वक्ताहरूले विगतका चुनौतीहरू पार गर्दै महिला आन्दोलन आजको स्थितिमा आइपुगेको र अग्रज नेतृत्वहरूले खेलेको भूमिका र योगदानलाई स्मरण गर्दै आगामी दिनमा जेटियुसीसीले महिलाका मुद्दा अझ सशक्तरूपमा उठाउँदै महिला हक अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

४.२) संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसीसी) को आयोजनामा शुभविजया दशमी, दीपावली, नेपाल सम्बत् तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम मिति २०७६ कार्तिक ८ (२५ अक्टोबर २०१९), अनुपम फुडल्याण्ड, बत्तिसपुतली काठमाडौँमा सम्पन्न गरियो । 'सबै श्रमिक र रोजगारदातालाई आह्वान, योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकरण हाम्रो अभियान'को मुख्य नारा सहित यस वर्षको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरियो । नेपाल सरकार, योगदानमा आधारित सामाजिक सुरक्षा बोर्ड, रोजगारदाता महासंघ, आईएलओ, एफईएस, एसएआरटीयुसी, जेटियुसीसी मूल समिति तथा आबद्ध महासंघका प्रतिनिधिहरू उपस्थित सो कार्यक्रममा शुभकामना मन्तव्यका साथै श्रम ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन तथा योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकरण बृहतरूपमा कार्यान्वयनका लागि सरकार र रोजगारदाताको ध्यानाकर्षण गरिएको थियो ।

## ५. चिया बगान श्रमिक आन्दोलन

चिया क्षेत्रका श्रमिकहरूको न्यूनतम पारिश्रमिक २०७५ श्रावण १ गतेदेखि कार्यान्वयन गर्ने गरी सरकार, रोजगारदाता र ट्रेड युनियन बीच दैनिक रु. ३८५ र महिनाको रु. १०,७८१ परिश्रमिक प्रदान गर्ने सम्झौता भएको थियो तर चिया बगानका श्रमिकहरूले न्यूनतम पारिश्रमिकको हकको लागि लामो समयदेखि आन्दोलन गर्नु पर्यो । सो आन्दोलनको समर्थनमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्रले चिया बगानको विषयमा

सरोकारवालाहरूसँग विभिन्न चरणमा बैठक, प्रेस विज्ञप्ति, लबीङ तथा वकालत गरियो । ४५ दिन सम्मको श्रमिकहरूको अनशन तथा एकताबद्ध आन्दोलनको परिणामस्वरूप चिया बगानका श्रमिकहरूको न्यूनतम पारिश्रमिकको समस्यामा मिति २०७६ वैशाख ३० गते चिया क्षेत्रमा आन्दोलनरत ट्रेड युनियनका प्रतिनिधि तथा नेपाल चिया उत्पादक संघका प्रतिनिधिबीच ३ बुँदे सम्झौता भएको थियो ।

## ६. १३० औं अन्तर्राष्ट्रिय मे दिवस

सात दशक लामो ट्रेड युनियन आन्दोलन तथा जेटियुसीसी गठनको एक दशक पश्चात् पहिलो पटक सम्पूर्ण ट्रेड युनियन आन्दोलनको तर्फबाट १३० औँ मे दिवस एकताबद्ध आन्दोलनको प्रतीकस्वरूप 'सबै श्रमिक र रोजगारदाताहरूलाई आह्वान ! योगदानमा आधारित सामाजिक सुरक्षामा सूचीकरण हाम्रो अभियान'को मूल नाराका साथ सम्पन्न भयो । १३० औँ मे दिवसको सन्दर्भमा गरिएका क्रियाकलापहरू निम्नानुसार रहेका छन् :

### ६.१) पत्रकार सम्मेलन

१३० औँ श्रमिक दिवस समारोह भव्यताका साथ सम्पन्न गर्न मे दिवसको अवसरमा मिति २०७५ वैशाख १६ गते पत्रकार सम्मेलन आयोजना गरियो । सो पत्रकार सम्मेलनमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको नेतृत्व तथा राष्ट्रिय सञ्चार माध्यमका प्रतिनिधिहरूको सहभागिता भएको थियो । पत्रकारका जिज्ञासाहरूलाई सम्बोधन गर्दै जेटियुसीसीको उद्देश्य र हालसम्मका उपलब्धिहरूको जानकारी गराउँदै वैशाख १८ गते आयोजना हुने समारोहको बारेमा जानकारी गराइएको थियो ।

### ६.२) स्वयंसेवक अभिमुखीकरण

श्रमिक दिवस समारोहलाई व्यवस्थित र मर्यादित बनाउन जेटियुसीसी आबद्ध महासंघहरूका ५० जना युवा परिचालन गर्ने उद्देश्य सहित वैशाख १६ गते स्वयंसेवक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो । सो कार्यक्रममा जेटियुसीसीका अध्यक्षले स्वयंसेवकको काम कर्तव्य र जिम्मेवारी बारेमा प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

### ६.३.) १३० औं अन्तर्राष्ट्रिय मे दिवस समारोह

भृकुटीमण्डप काठमाडौँमा २०७६ वैशाख १८ (मे १, २०१९) गते १३० औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस समारोह संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका अध्यक्ष विनोद श्रेष्ठको अध्यक्षतामा सम्माननीय प्रधानमन्त्री के.पि. शर्मा ओलिको प्रमुख आतिथ्यमा भव्यताका साथ सम्पन्न गरियो । सात दशकभन्दा लामो ट्रेड युनियन आन्दोलनमा पहिलो पटक सम्पूर्ण ट्रेड युनियन महासंघहरूले एकै ठाउँमा जम्मा भई ऐतिहासिकरूपमा मे दिवस समारोह सम्पन्न गरियो । 'सबै श्रमिक र रोजगारदाताहरूलाई आह्वान ! योगदानमा आधारित सामाजिक सुरक्षामा सूचीकरण हाम्रो अभियान' को मूल नारा सहित विभिन्न ६ स्थानबाट झाँकी सहितको करिव १०,००० को जुलुस भृकुटी मण्डपको समारोहमा सहभागिता भएको थियो । प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताहरूले मन्तव्य राख्नुभएको थियो भने आईएलओका निर्देशक र रोजगारदाताका प्रतिनिधिहरूले शुभकामना मन्तव्य राख्दै श्रमिक हकहितका लागि सहकार्य र सामाजिक संवादका लागि सधै तयार रहेको बताउनुभएको थियो ।

कार्यक्रममा लामो समयदेखि ट्रेड युनियन आन्दोलनमा आबद्ध भएर आन्दोलनलाई एकताबद्धरूपमा अगाडि बढाउन योगदान गर्नुहुने प्रमुख नेताहरू लक्ष्मण बस्नेत, मुकुन्द न्यौपाने, विष्णु रिमाल, शालिकराम जम्कट्टेल र खिलानाथ दाहाललाई जेटियुसीसीको तर्फबाट सम्मान गरिएको थियो ।

## ७. योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकरण अभियान

श्रममैत्री कानुनबारे बुझाइमा एकरूपता ल्याउँदै कार्यान्वयनमा लैजान प्रदेश नं १, २ र ५ का श्रमिक नेताहरूसँग मिति २०७६ वैशाख २९ देखि जेष्ठ २ गते र आषाढ ९ र १० गते क्रमशः प्रदेश नं. ३ र गण्डकी प्रदेशमा जेटियुसीसी आबद्ध महासंघहरूबाट ५५–६० जनाको सहभागितामा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो । पहिलो चरणमा योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकरण

अभियान र प्रदेश संरचना निर्माण बैठक सम्पन्न गरिएको थियो । जेटियुसीसी सञ्चालनका लागि २०६८ साल कात्तिक ६ गते आचारसंहिता निर्माण गरी लागु गरिएको स्पष्ट पारियो । एकता बिना हक, अधिकार सुनिश्चितता नहुने हुनाले सबै श्रमिकहरू आफ्ना पार्टीका सिद्धान्तहरूलाई बाहिर राखेर विशुद्ध श्रमिकमैत्री कार्यमा लाग्न जेटियुसीसी आवश्यकता रहेको समेत औंलाउँदै जेटियुसीसी सञ्चालन विधि प्रक्रियाको बारेमा समेत सहभागीहरूलाई जानकारी गराइयो ।

छलफल तथा अन्तरक्रिया कार्यक्रम पश्चात् सहभागीहरूलाई आ-आफ्नो कार्यस्थलमा दबाबस्वरूप योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकृत हुन निवेदन पेस गर्न आह्वान गर्दै निवेदनको नमूना समेत वितरण गरियो (*निवेदनको नमूना अनुसूची २ मा संलग्न गरिएको छ*) । श्रमिक मैत्री कानुन कार्यान्वयनका लागि प्रदेश स्तरीय संरचना निर्माण प्रक्रिया थालनी गरियो । जेटियुसीसी प्रदेश समन्वय समिति संरचना सञ्चालन कार्यविधि अनुसार गतिविधि सञ्चालन गर्न निर्देशन गरियो ।

### ८. १०८ औं अन्तर्राष्ट्रिय श्रम सम्मेलन

आईएलओ स्थापनाको १०० वर्ष तथा १०८ औं महासभा जुन १०, २०१९ देखि जुन २१, २०१९ मा जेनेभामा सम्पन्न भयो । सो अवसरमा नेपालको तर्फबाट सगरमाथामा फहराइएको आईएलओको झण्डा नेपालका सम्माननीय प्रधानमन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, पराराष्ट्र मन्त्रीको समुपस्थितिमा जेटियुसीसीका अध्यक्षले आईएलओको निर्देशकलाई हस्तान्तरण गर्नुभएको थियो । आज भन्दा एक सय वर्ष अगाडि नेपालको पहुँच र परिकल्पना भन्दा बाहिर रहेको यस संगठनमा १९६६ देखि मात्र नेपाल सदस्य भएको थियो । यसको शत वार्षिक समारोहमा श्रमिक, रोजगारदाता तथा सरकार सहित नेपालको तर्फबाट प्रभावकारी सहभागिता रह्यो । प्रवासी श्रमिकको संरक्षणको लागि विभिन्न मुलुकसँग सरकारी तवरमा द्विपक्षीय सहमति समेत भए । नेपालमा घोषणा गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा योजना तथा नयाँ श्रम कानुनको कार्यान्वयन गर्न तीनै पक्षले प्रतिबद्धता जनाए ।

यसै महासभालाई कार्यकारी प्रधानमन्त्रीको हैसियतमा पहिलो पटक सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधन गर्नुहुँदै सक्षम श्रमिक, समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न क्रियाशील हुने बताउनुभएको थियो । नेपालका प्रधानमन्त्रीले मात्र नभई दक्षिण अफ्रिका, फ्रान्सका राष्ट्रपति, स्वीडेन, बेलायत, नर्वे, रसिया, स्पेन लगायतको प्रधानमन्त्रीले सम्बोधन गर्नुभएको यो महासभाले आगामी शताब्दीमा त्रिपक्षीयता तथा सामूहिक सौदाबाजी अपरिहार्य रहेको साझा सन्देश दिए । दिगो विकासको माध्यमबाट गरिबी निवारण गरी **कसैलाई पनि पछाडि नछाड्ने** उद्घोषका साथ जेनेभामा शत वार्षिक महासभा सम्पन्न भयो । महासभाले सय वर्ष अगाडि प्रारम्भ गरेको श्रमिक, रोजगारदाता र सरकार संलग्न त्रिपक्षीय सम्वादबाट नै अर्थतन्त्रको विकास तथा समाज विकासको दिगो लक्ष्य हासिल गर्न संभव छ भन्ने कुरालाई पुनः जोड दिएको छ । महासभाले श्रमिकहरू विनिमयका वस्तु होइनन्, श्रमिकलाई मानवोचित व्यवहार गरिनु पर्दछ र हिंसा तथा हतोत्साहन मुक्त वातावरणमा मात्र काम लगाउनु पर्दछ भन्ने मान्यतालाई टेकेर सामाजिक न्याय, लोकतन्त्र र विश्व शान्तिको लागि आगामी शताब्दीमा काम गर्न थप कार्यादेश दिएको छ । नेपाली श्रमिकहरूको प्रतिनिधित्व गर्दै जेटियुसीसी का अध्यक्ष विनोद श्रेष्ठले महासभालाई जुन १३, २०१९ मा सम्बोधन गर्नुभएको थियो । महासभाले ILO Convention Against Gender Voilence पास गरेको छ ।

### जेनेभामा गरिएको महत्वपूर्ण बैठकहरू

आईटियुसिका महासचिव शरण वरो, अल चाइना फेडेरेशन अफ ट्रेड युनियनको प्रतिनिधिहरू, एलओ स्वीडेनको लेफ इसाक्सन, आईटियुसि एपीका अध्यक्ष फेलिक्स एन्थोनी, महासचिव यसुदा सोया, निदरल्याण्ड कि विल्मा रुज, दक्षिण एसियाका मित्रहरूसँग सामूहिक भेट, एक्ट्राभका निर्देशक मारिया हेलेना एड्रे, आईएलओको सोसियल प्रोटेक्सन डिपार्टमेन्टले आयोजना गरेको त्रिपक्षीय छलफल, बिडब्लुआईका अन्तर्राष्ट्रिय महासचिव एम्बेट युसन लगायतसँग भेटघाट तथा छलफल गरियो ।

**तयारी बैठक:** स्वीट्जरल्याण्डको जेनेभामा हुने आईएलओको १०८ औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा

जेटियुसीसीबाट प्रतिनिधित्व गर्ने सहभागीहरू बीचमा तयारी बैठक गरिएको थियो । आईएलसीमा गरिने सम्बोधन र सहभागीहरूको आ-आफ्नो जिम्मेवारी बारेमा छलफल गरियो । पहिलो चोटी भाग लिने सहभागीहरूलाई जेनेभाको बारेमा छोटो जानकारी गराउनुका साथै विभिन्न बैठकहरूमा समय दिन समेत अनुरोध गरियो ।

### ९. जेटियुसीसी प्रदेश समिति सञ्चालन कार्यविधि तयार

संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको उद्देश्यलाई प्रादेशिक तहमा कार्यान्वयन गर्नका लागि केन्द्रको विधानको धारा २३(३) ले दिएको अधिकार प्रयोग गरी प्रदेश समन्वय समिति सञ्चालन कार्यविधि २०७६ पारित गरिएको छ । प्रेसेडियम र कानुन समिति बैठकबाट छलफल गरी यो कार्यविधि तयार गरिएको छ ।

### १०. श्रम तथा रोजगार सम्मेलनमा सहभागिता

नेपाल सरकारको आयोजनामा मिति २०७६ आषाढ १५–१६ गते आयोजित श्रम तथा रोजगार सम्मेलनमा जेटियुसीसी आबद्ध महासंघका अध्यक्षहरू तथा प्रतिनिधिहरूले सहभागिता जनाउनु भयो । समापन सत्रमा नेपाली श्रमिकको तर्फबाट जेटियुसीसीका अध्यक्ष विनोद श्रेष्ठले मन्तव्य राख्नुभएको थियो । जेटियुसीसी प्रेसिडियम सदस्य तथा एनटीयुसीका अध्यक्ष पुष्कर आचार्यले प्यानालिस्टको रूपमा Wage Productively and National Economy विषयमा धारणा प्रस्तुत गर्नुभयो ।

### ११. एकता निर्माण बैठक

२०७६ भाद्र ८ गते 'सबै श्रमिक र रोजगारदाताहरूमा आह्वान ! योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकरण हाम्रो अभियान !!' मुख्य नाराका साथ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय गोकर्ण बिष्टको प्रमुख आतिथ्यमा एकता निर्माण बैठक सम्पन्न गरियो । सो बैठकमा श्रम ऐन तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन कार्यान्वयनमा सम्बन्धित सरोकारवालाको सहभागिता रहेको थियो । कार्यक्रमको अध्यक्षता जेटियुसीसीका अध्यक्ष विनोद श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा नेपाल सरकार, ट्रेड युनियन महासंघहरू, रोजगारदाताका महासंघहरु, सामाजिक सुरक्षा बोर्ड लगायतका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सामाजिक सुरक्षा बोर्डका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । बैठकमा योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यन्वयनलाई केन्द्रबिन्दुमा राखी अन्तरक्रिया गरिएको थियो ।

### १२. योगदानमा आधारित सामाजिक सुरक्षा योजना दिवस

मिति २०७६ मंसिर ११ गते भृकुटीमण्डपमा आयोजित योगदानमा आधारित सामाजिक सुरक्षा योजना दिवसमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्रले व्यवस्थापकीय जिम्मेवारी निर्वाह गर्यो । सो अवसरमा १०० जना स्वयंसेवकलाई परिचालन गरी कार्यक्रमलाई व्यवस्थित र मर्यादित बनाउन सहयोग गर्यो । उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा ट्रेड युनियनको तर्फबाट जेटियुसीसीका अध्यक्ष, महासचिव, एनटीयुसीका अध्यक्ष, एएनटीयुएफका कार्यवाहक अध्यक्ष, कोनेपका अध्यक्षहरूले योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने र सोको लागि सम्पूर्ण ट्रेड युनियनहरूको साथ र सहयोग रहेको मन्तव्य राख्नुभएको थियो । रोजगारदाता महासंघहरूले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयनमा आफूहरूको सहयोग रहने मन्तव्य राख्नुभएको थियो । उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलले योगदानमा आधारित सामाजिक सुरक्षा योजनाबाट भाग्ने अधिकार कसैलाई पनि नभएको बताउनुभयो । उहाँले कल्याणकारी राज्यले श्रमजीवीको सुरक्षाका लागि ल्याएको यस योजनामा सबै प्रतिष्ठान तथा रोजगारदाताहरू सहभागी हुनुको विकल्प नै नरहेको बताउनुभयो । कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवले सरकारले न्यून पारिश्रमिकमा जीवनयापन गरिरहेका श्रमिकहरूको सुरक्षाका लागि ल्याएको यस योजनामा सहभागी हुन सबैलाई आग्रह गर्नुभयो ।

### १२.१) सातवटै प्रदेशमा जेटियुसीसी प्रदेश समन्वय केन्द्रको कार्यक्रम

प्रदेश नं. १ मा सुनसरी मोरङ औद्योगिक कोरिडरमा मंसिर १२ गते योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकृत हुन दबाबमूलक जुलुस निकाल्नुका साथै रोजगारदाता महासंघलाई ज्ञापनपत्र पेस गरियो । प्रदेश नं. २ मा रोजगारदाता महासंघहरूसँग सूचीकृत हुन दबाबमूलक अन्तरक्रिया गरियो । प्रदेश नं. ३ मा बृहत जुलुससहित केन्द्रले आयोजना गरेको भृकुटीमण्डपको कार्यक्रममा सहभागी गरियो । गण्डकी प्रदेशमा मंसिर १० गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । प्रदेश ५ मा बृहत जुलुससहित उद्योग परिषद बुटवलमा सभा गरी योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकरणको लागि दबाब सृजना गरियो । त्यस्तै, प्रदेश नं. ५ को नेपालगञ्जमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । कर्णाली प्रदेशमा बिहान सभा र साँझ दीप प्रज्ज्वलन गरी दिवस मनाइयो । सुदुर पश्चिम प्रदेशमा जुलुससहित कोणसभा आयोजना गरियो ।

### १३. अध्ययन तथा अनुसन्धान

श्रम ऐन तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन कार्यान्वयनमा आवश्यक संयन्त्रसम्बन्धी अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ । जेटियुसीसीको संस्थागत विकासका लागि नेदरल्याण्डका रिसर्चरबाट अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ ।

### १४. अन्तर्राष्ट्रिय संघ संस्थाका प्रतिनिधिहरूसाग बैठक

विभिन्न समयमा अन्तर्राष्ट्रिय संघ संस्थाका प्रतिनिधिहरूसँग भेटी जेटियुसीसीको उद्देश्य, स्थापना र उपलब्धिहरूको जानकारी गराउँदै आगामी सहकार्यको बारेमा समेत छलफल गरियो ।

- Presidium & Women committee Meeting with FNV Dutch Researcher, March 2019.
- JTUCC Meeting with ILO Director country office for Nepal & ILO Director country office for India ( 5 April 2019)
- Meeting with Social Dialogue and Labour Administration specialist Mahandra Naidoo ( 16 April 2019)
- JTUCC Meeting with FNV- Netherlands, DECP- Netherlands & FNCCI - 19 April 2019
- JTUCC Meeting with UNDP Representatives ( 22 May 2019)
- Meeting with FNV Representative Prabhu & Wilma at Province Five- 5 July 2019
- JTUCC Meeting with representatives of Solidarity Center - 7 July 2019
- Meeting with ILO team on Diagnostic of Informality ( 4 November, 2019)
- Meeting with Bangaladesh Trade Union and ILO Team ( 14 November 2019 )
- Meeting with SASK & PSI Team ( 23 November 2019 )

## ख) प्रतिनिधित्व, जनवरी २०१९ देखि डिसेम्बर २०१९ सम्म विभिन्न कार्यक्रममा निम्नानुसार सहभागिता रहेको छ ।

### राष्ट्रिय प्रतिनिधित्व

सरकार तथा सरोकारवाला संस्थाहरूको निमन्त्रणामा विभिन्न कार्यक्रममा जेटियुसीसीबाट प्रतिनिधित्व हुने गरेको छ । विभिन्न मञ्चहरूमा प्रतिनिधित्व गर्दै श्रमिक हक, हित तथा अधिकार तथा समग्र देशको समृद्धिका विषयमा आफ्नो राय तथा विचार प्रस्तुत गरिएको छ ।

### अन्तर्राष्ट्रिय प्रतिनिधित्व

यस वर्ष आईएलसी बाहेकका चार कार्यक्रममा निम्नानुसार प्रतिनिधित्व भएको छ :

- नवराज दाहाल, अध्यक्ष एनडीसीओएनटी-आई, सुधा दाहाल, जेटीयुसीसी महिला समिति अध्यक्ष एफएनभीको निमन्त्रणामा मे २१-२२, २०१९ मा श्रीलंकाको कोलोम्बोमा सम्पन्न

FNV SEMINAR ON THE PROPOSED CONVENTION ON ENDING VIOLENCE & HARASSMENT IN THE WORLD OF WORK मा सहभागी हुनुभयो ।

- पल्तन ठाकुर जेटियुसीसी महासचिव सेप्टेम्बर २४-२५, २०१९ मा नेपालमा सम्पन्न WFTU Asia-Pacific Regional Meeting मा सहभागी हुनुभयो ।
- विनोद श्रेष्ठ, जेटियुसीसी अध्यक्ष र दिपा दवाडी जेटियुसीसीका कार्यकारी निर्देशक अक्टोबर ६-९, २०१९ मा नेदरल्याण्डमा सम्पन्न FNV Conference on social Dialogue कार्यक्रममा सहभागी हुनु भयो। २०० जना भन्दा बढी सहभागिता रहेको सो कार्यक्रममा जेटियुसीसी अध्यक्षले पानालिस्टको रूपमा नेपालमा सामाजिक संवादको इतिहास, जेटियुसीसी निर्माण र उपलब्धि, सामाजिक संवादमार्फत् भएका उपलब्धि लगायतका विषयमा प्रकाश पार्नुभएको थियो। भेटघाटको क्रममा FNV Social Economic Council, Labour Federation, General Employer's Association का प्रतिनिधिहरूसँग नेदरल्याण्ड र नेपालको सामाजिक, राजनीतिक, आर्थिक गतिविधि र श्रमिकका विभिन्न मुद्दाहरू सम्बोधन गर्न सामाजिक संवादको महत्वबारेमा छलफल गरिएको थियो ।
- विनोद श्रेष्ठ आईएलओको निमन्त्रणामा अक्टोबर १०-११, २०१९ मा रोमायनयामा सम्पन्न "the governance of the digital economy: the critical role of social dialogue through ESC-SIs", सेमिनारमा सहभागी भई जेटियुसीसीको तर्फबाट सम्मेलनलाई सम्बोधन गर्नुभएको थियो ।
- महेन्द्र प्रसाद यादव, एनटीयुसीका वरिष्ठ उपाध्यक्ष आईएलओको निमन्त्रणामा नोभेम्बर २५-२९, २०१९ मा टुरिनमा सम्पन्न Global Knowledge-Sharing Forum: Transition to Formal Economy - 3rd edition during कार्यक्रममा सहभागी हुनुभयो। उहाँले पानालिस्टको रूपमा Transition to Formal Economy को बारेमा सो कार्यक्रममा प्रस्तुति समेत गर्नुभयो ।
- विनोद श्रेष्ठ र सुधा दाहाल नोभेम्बर २०-२२, २०१९ मा काठमाडौंमा सम्पन्न युएनआई एपीपीआरओको पाँचौं सम्मेलनमा सहभागी हुनुभयो ।
- सुधा दाहाल नोभेम्बर १८-१९, २०१९ मा काठमाडौंमा सम्पन्न युएनआई एपीपीआरओको महिला सम्मेलनमा सहभागी हुनुभयो ।

**महत्वपूर्ण उपलब्धिहरू**

- केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७५ अन्तर्गत बोनस ऐनलाई श्रमिक विरोधीरूपमा ल्याउन लागेको जानकारीमा आउनासाथ सबै क्षेत्रका सरोकारवालालाई आमन्त्रण गरी संशोधन प्रस्तावमा छलफल गरियो, फलस्वरूप जेटियुसीसीले ल्याएको संशोधन मस्यौदा जस्ताको तस्तै सरकारबाट पास गराउन सफल भयो ।
- जेटियुसीसी स्थापना यता ट्रेड युनियन आन्दोलनको अवस्था, उपलब्धि एवं समस्याबारे कार्याशाला गोष्ठी गरियो। सो गोष्ठीको प्रतिवेदनले जेटियुसीसीको आगामी कार्यायोजना निर्धारणमा सहयोग पुगेको छ ।
- पाँच वटा प्रदेशमा श्रम ऐन तथा सामजिक सुरक्षा ऐन तथा योजनासम्बन्धी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम संपन्न गरियो। सो अवसरमा योगदानमा आधारित सामजिक सुरक्षा योजनामा बुझाइमा रहेका कमी कमजोरीहरूलाई प्रस्ट पार्नुका साथै योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकरण हुनका लागि आ-आफ्नो कार्यस्थलमा निवेदन पेस गरी दवाव सिर्जना गर्न समेत अनुरोध गरियो। धेरै नै न्यूनरूपमा रहेको सूचीकरणलाई सो कार्यक्रम मार्फत् केही गति प्रदान गर्नुका साथै योगदानमा आधारित सामाजिक सुरक्षामा रहेका केही बुँदाहरूलाई थपघट गरी यसप्रति श्रमिकको आकर्षण बढाउने कार्यमा समेत मद्दत गरेको छ ।

- जेटियुसीसी सम्बद्ध महासंघहरूको सूचना सङ्कलन तथा सदस्यता व्यवस्थितरूपमा अभिलेखीकरणका लागि सफ्टवेयर निर्माण गरियो। सो सफ्टवेयर सम्बन्धमा प्रत्येक महासंघका सम्बन्धित व्यक्ति/कर्मचारिहरूलाई प्रशिक्षण प्रदान गरी सफ्टवेयर हस्तान्तरण गरियो। यस सफ्टवेयरको प्रभावकारी कार्यान्वयन गर्न सकेमा नेपालको ट्रेड युनियन आन्दोलन नयाँ आयामका साथ व्यवस्थित र मर्यादित तवरमा अगाडि बढाउन कोसे ढुङ्गा साबित हुनेछ।
- नेपालको परिवर्तित संरचनालाई मध्यनजर गर्दै प्रदेश स्तरमा पनि ट्रेड युनियन आन्दोलनमा एकरूपता ल्याउँदै श्रमिकमैत्री क्रियाकलापमा समान धारणा प्रस्तुत गर्नका लागि सातवटै प्रदेशमा जेटियुसीसी प्रदेश स्तरीय संरचना निर्माण गरिएको छ। यसले प्रदेश स्तरीय श्रम सल्लाहकार परिषद, लगायतका समितिमा श्रमिक वर्गको तर्फबाट जेटियुसीसीको उपस्थिति गर्न र श्रमिकका मुद्दा सम्बोधन गर्न सहज हुनेछ।
- ट्रेड युनियन नेतृत्वमा महिला सहभागिताका लागि प्रदेश स्तरिय ३१ जना महिला नेतृत्वलाई प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरियो। साथै ती प्रशिक्षकहरूलाई परिचालित गरी प्रदेश स्तरमा नेपालमा ट्रेड युनियन आन्दोलन, श्रम ऐन तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन तथा योजना विषयमा प्रशिक्षण कार्यक्रम समेत सञ्चालन गरियो।
- केन्द्रीय श्रम सल्लाहकार परिषद, योगदानमा आधारित सामाजिक सुरक्षा कोष तथा न्यूनतम पारिश्रमिक निर्धारण लगायत समितिमा श्रमिक वर्गको तर्फबाट जेटियुसीसीको उपस्थिति रहनुले श्रमिक वर्गको हित संरक्षणका निम्ति ठोस आधार तयार भएको छ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जेटियुसीसी नमूनाको रूपमा स्थापित हुँदैछ। जेटियुसीसीबारे जानकारी प्राप्त गर्न विभिन्न अध्ययनकर्ता तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिनिधिहरू इच्छुक रहेको सन्दर्भमा जेटियुसीसी र नेपाली ट्रेड युनियन आन्दोलनको बारेमा एकरूपता सहित जानकारी संप्रेषण गर्नका लागि वृत्तचित्र निर्माण गरिएको छ। त्यस्तै योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको बारेमा बुझाइमा एकरूपता ल्याउँदै कार्यान्वयन प्रक्रियामा लैजानका लागि वृत्तचित्र निर्माण गरिएको छ।

# चौथो श्रम संसद बैठकका प्रतिनिधिहरु

| | | |
|---|---|---|
| १ | श्री बिनोद श्रेष्ठ | अध्यक्ष, **जेटियुसीसी** |
| २ | श्री पल्टन ठाकुर | महासचिव, **जेटियुसीसी** |
| ३ | श्री सुधा दाहाल | संयोजक, **जेटियुसीसी** महिला समिति |
| ४ | श्री निष्ठा श्रेष्ठ | सचिव, **जेटियुसीसी** महिला समिति |
| ५ | श्री दिपा दवाडी | कार्यकारी निर्देशक, **जेटियुसीसी** |
| ६ | श्री रमेश बस्नेत | कार्यक्रम संयोजक, **जेटियुसीसी** |
| ७ | श्री सुदिप सापकोटा | प्रशासन तथा बित्त अधिकृत, **जेटियुसीसी** |
| ८ | श्री कुषा रावत | कार्यालय सहयोगी, **जेटियुसीसी** |

## नेपाल ट्रेड युनियन महासंघ-जिफन्ट

| | | |
|---|---|---|
| १ | श्री रमेश बडाल | GEFONT |
| २ | श्री बिदुर कार्की | GEFONT |
| ३ | श्री दिपक पौडेल | GEFONT |
| ४ | श्री जितेन्द्र श्रेष्ठ | GEFONT |
| ५ | श्री कमल गौतम | GEFONT |
| ६ | श्री मञ्जु थापा | GEFONT |
| ७ | श्री जनक चौधरी | GEFONT |
| ८ | श्री दिनेश कुमार राई | GEFONT |
| ९ | श्री पुर्ण कुमारी कार्की | GEFONT |
| १० | श्री त्रिविक्रम ज्ञवाली | GEFONT |
| ११ | श्री बेलीमैया घले | GEFONT |
| १२ | श्री निशा बानिया | GEFONT |
| १३ | श्री सुनिता थापा | GEFONT |
| १४ | श्री दामोदर सापकोटा | GEFONT |
| १५ | श्री किशोर धमला | GEFONT |
| १६ | श्री कमलेश झा | GEFONT |
| १७ | श्री रामहरि नेपाल | GEFONT |
| १८ | श्री रुद्र बहादुर खत्री | GEFONT |
| १९ | श्री हरि बहादुर कार्की | GEFONT |
| २० | श्री तेज प्रकाश जिसी | GEFONT |
| २१ | श्री जित बहादुर मल्ल | GEFONT |
| २२ | श्री सिता लामा | GEFONT |
| २३ | श्री कमला तमाङ | GEFONT |
| २४ | श्री बिजया खड्का | GEFONT |
| २५ | श्री स्मृति लामा | GEFONT |

## नेपाल ट्रेड युनियन कांग्रेस-एनटीयुसी

| | | |
|---|---|---|
| १ | श्री पुष्कर आचार्य | NTUC |
| २ | श्री खिलानाथ दाहाल | NTUC |
| ३ | श्री महेन्द्र प्रसाद यादव | NTUC |
| ४ | श्री तेजेन्द्र जंग कार्की | NTUC |
| ५ | श्री अजय कुमार राई | NTUC |
| ६ | श्री इन्दिरा सापकोटा | NTUC |
| ७ | श्री मोहन बहादुर बस्नेत | NTUC |
| ८ | श्री नेत्र बिक्रम थापा | NTUC |
| ९ | श्री योगेन्द्र कुमार कुँवर | NTUC |
| १० | श्री गणेश बहादुर केसी | NTUC |
| ११ | श्री राधिका कुइकेल | NTUC |
| १२ | श्री राजेश पालिखे | NTUC |
| १३ | श्री धर्म राज भण्डारी | NTUC |
| १४ | श्री सुशिला घिमिरे | NTUC |
| १५ | श्री सरस्वती ढुङ्गाना | NTUC |
| १६ | श्री चन्दन झा | NTUC |
| १७ | श्री अनिता मंडल | NTUC |
| १८ | श्री राजेन्द्र पौडेल | NTUC |
| १९ | श्री तेज प्रसाद रिजाल | NTUC |
| २० | श्री भगवती खड्का | NTUC |
| २१ | श्री पदम राज रेग्मी | NTUC |
| २२ | श्री खेम खड्का | NTUC |
| २३ | श्री सविरमान वि. क | NTUC |
| २४ | श्री केदार दाहाल | NTUC |

## अखिल नेपाल ट्रेड युनियन महासंघ-एएनटीयुएफ

| | | |
|---|---|---|
| १ | श्री जगत बहादुर सिंखडा | ANTUF |
| २ | श्री जय बहादुर कार्की | ANTUF |
| ३ | श्री धन बहादुर बिक | ANTUF |
| ४ | श्री सोनालाल शाह | ANTUF |
| ५ | श्री उषा देवकोटा | ANTUF |
| ६ | श्री एस.बि. थापा | ANTUF |
| ७ | श्री अर्जुन छन्त्याल | ANTUF |
| ८ | श्री शालिकराम काफ्ले | ANTUF |
| ९ | श्री राज कुमार लामा | ANTUF |
| १० | श्री बिष्णु थापा | ANTUF |
| ११ | श्री भुपाल सापकोटा | ANTUF |
| १२ | श्री प्रकाश श्रेष्ठ | ANTUF |
| १३ | श्री लाल कुमार पुन | ANTUF |
| १४ | श्री नरहरी नाथ योगी | ANTUF |
| १५ | श्री सोम तामाङ | ANTUF |
| १६ | श्री घनश्याम ठकुरी | ANTUF |
| १७ | श्री निशा खरेल | ANTUF |
| १८ | श्री धनु दाहाल | ANTUF |
| १९ | श्री संगिता वानीया | ANTUF |
| २० | श्री गोमा तामाङ | ANTUF |
| २१ | श्री माधव पाण्डे | ANTUF |
| २२ | श्री भुम बहादुर रेग्मी | ANTUF |
| २३ | श्री पितम्वर गिरी | ANTUF |
| २४ | सीता सापकोटा | ANTUF |
| २५ | इन्दिरा शर्मा | ANTUF |

## पेशागत महासंघ, नेपाल-कानेप

| | | |
|---|---|---|
| १ | श्री विश्वनाथ प्याकुरेल | CONEP |
| २ | श्री प्रेमलकुमार खनाल | CONEP |
| ३ | श्री लालबहादुर पाखिन | CONEP |
| ४ | श्री गम्भिरलाल श्रेष्ठ | CONEP |
| ५ | श्री उदया शर्मा | CONEP |
| ६ | श्री कृष्णमान श्रेष्ठ | CONEP |
| ७ | श्री शंकर सुवेदी | CONEP |
| ८ | श्री दिपकराज सुवेदी | CONEP |
| ९ | श्री विष्णु लामिछाने | CONEP |
| १० | श्री गगनसिंह विष्ट | CONEP |
| ११ | श्री किशोरकुमार नेपाली | CONEP |
| १२ | श्री पुर्णा जोशी | CONEP |
| १३ | श्री भोलानाथ उपाध्याय | CONEP |
| १४ | श्री भक्तराज पोखरेल | CONEP |
| १५ | श्री सिताकुमारी ओझा | CONEP |
| १६ | श्री मोहन कुमारी शाही | CONEP |
| १७ | श्री राधालक्ष्मी खरेल | CONEP |

## नेपाल ट्रेड युनियन कांग्रेस-एमटीयुसी

| | | |
|---|---|---|
| १ | श्री शिता शरण ठाकुर | MTUC |
| २ | श्री साधना कुमारी यादव | MTUC |
| ३ | श्री सुनिता रौनियार | MTUC |
| ४ | श्री राज कुमार ठाकुर | MTUC |
| ५ | श्री अनिता ठाकुर | MTUC |
| ६ | श्री अर्चना ठाकुर | MTUC |
| ७ | श्री सुरेन्द्र मण्डल | MTUC |
| ८ | श्री अमर कान्त ठाकुर | MTUC |
| ९ | श्री रीता ठाकुर | MTUC |

## नेपाल प्रजातान्त्रिक -एनडीसीओएनटी

| | | |
|---|---|---|
| १ | श्री लालकुमार लामा | NDCONT |
| २ | श्री रामेश्वर श्रेष्ठ | NDCONT |
| ३ | श्री टिकाराज कार्की | NDCONT |
| ४ | श्री शिव भण्डारी | NDCONT |
| ५ | श्री शारदा सिंह | NDCONT |
| ६ | श्री सुर्य प्रसाद ढकाल | NDCONT |
| ७ | श्री गोबिन्द सिवाकोटी | NDCONT |
| ८ | श्री पारिजात तामाङ | NDCONT |

## नेपाल प्रजातान्त्रिक फेडरेसन -एनडीएफओएनटी

| | | |
|---|---|---|
| १ | श्री चिरागमान सिंह कुँवर | NDFONT |
| २ | श्री भरत ढकाल | NDFONT |
| ३ | श्री कृष्ण बहादुर राउत | NDFONT |
| ४ | श्री प्रकाश लाल जोशी | NDFONT |
| ५ | श्री राजुराम मुनकर्मी | NDFONT |
| ६ | श्री रविना शाही | NDFONT |
| ७ | श्री सम्झना चौधरी | NDFONT |
| ८ | श्री मिना सुवेदी भण्डारी | NDFONT |
| ९ | श्री सुरेन्द्र पाण्डे | NDFONT |

## नेपाल ट्रेड युनियन कांग्रेस-आईएनटीयुसी

| | | |
|---|---|---|
| १ | श्री इन्द्र देव मिश्र | INTUC |
| २ | श्री संगिता झा | INTUC |
| ३ | डा. गुणानन्द पाठक | INTUC |
| ४ | श्री धिर प्रसाद भण्डारी | INTUC |
| ५ | श्री रमानन्द पण्डित | INTUC |
| ६ | श्री रेणु झा | INTUC |
| ७ | श्री प्रेमा झा | INTUC |
| ८ | श्री बिनिता पाठक | INTUC |
| ९ | श्री बिजयकान्त ठाकुर | INTUC |

## नेपाल प्रजातान्त्रिक -एनडीसीओएनटी-आई

| | | |
|---|---|---|
| १ | श्री नवराज दाहाल | NDCONT-I |
| २ | श्री उमेश गोले | NDCONT-I |
| ३ | श्री मोलम लामा | NDCONT-I |
| ४ | श्री शोभा मण्डल | NDCONT-I |
| ५ | श्री केशव अधिकारी | NDCONT-I |
| ६ | श्री हरि दाहाल | NDCONT-I |
| ७ | श्री सोनाम लामा शाक्य | NDCONT-I |
| ८ | श्री भिम कुमारी राई | NDCONT-I |
| ९ | श्री कविता न्यौपाने | NDCONT-I |

## स्वयंसेवकहरु

| | |
|---|---|
| १ | श्री राम रन्जीतकार |
| २ | श्री भवानी अधिकारी |
| ३ | श्री दुर्गा भण्डारी |
| ४ | श्री कृष्णा शाह |
| ५ | श्री राजेन्द्र न्यौपाने |
| ६ | श्री मुकुन्द पन्त |
| ७ | श्री प्रकाश सत्याल |
| ८ | श्री राम बहादुर मल्ल |
| ९ | श्री अर्जुन बहादुर शाही |
| १० | श्री प्रमोद कुमार झा |
| ११ | श्री गोपाल भण्डारी |
| १२ | श्री पुष्पराज श्रेष्ठ |
| १३ | अरुण कुमार ठाकुर, नवल |